   Amnesty International Nepal is one of the leading Amnesty sections in Asia. Most of our successes are related to the sustained growth in our membership and activism. Amnesty Nepal's one of the core tasks is to remain broadly engaged with its membership and engage in initiatives that enhance the expertise of our members to deliver our actions in more strategic ways so that a visible impact could be achieved on the ground. As per the nature of the organization, there are new activists joining in the organization, and there will always be a need of initiatives that help enhance these new members' expertise. Therefore, Amnesty Nepal will continue its effort and investment in enhancing the campaigning expertise of its members and supporters.

8. **Strengthening organizational growth through a responsive engagement of members, supporters and activists**

   The realization of Amnesty's human rights aspirations depends on many things, but most of all on people. AI's one of the strategic goals is to strengthen the organizational growth which entails Amnesty to widen its membership i.e. to deepen its reach to the people at the grassroots through its activities. Amnesty Nepal will continue investing in this goal whereby we will continue our efforts to try and reach as furthest as possible to the grassroots level in Nepal through our organizational membership as well as campaign and activism.

   Amnesty Nepal will continue to invest in raising the skills and capacity of its members and supporters to undertake human rights campaigns.

**Main Focus under Organizational Change**

9. **Strengthening governance including through building resilient and sustainable local members and supporter base**

   Amnesty International is not simply a global human rights organization, it is a democratic movement of committed human rights activists, both volunteers and salaried-staff, who work together with a large constituency of partners and supporters at local, national and international levels. Millions of people across the globe have an active interest or “stake” in Amnesty and its future. And this is ensured through its democratic organizational processes at both the governance and operational level.

In 2021, Amnesty Nepal embarked on an unprecedented and historical journey of governance reform. The reform process was driven by a governance review report submitted to Amnesty Nepal and the Secretary General of Amnesty International in December 2020 by an external reviewer appointed by the Secretary General (SG) in October 2020. The review report spelled out key reforms areas and advised for a more diversified and open membership base that is represented and involved in decision making processes in a fair and equitable basis.

The change process went through an MoU between the International Secretariat and AI Nepal signed on 7 May 2021. Based on the MoU, the Section held its 29th AGM in September 2021 and adopted the changes in the Statute of the organization ensuring the participation of youth and individual members in the Section's AGM and other decision making processes.

Amnesty Nepal made further changes in its organizational structure and governance through its 32nd AGM, which were later approved by the local authority (Kathmandu District Administration Office in this case) which paved way for its full-fledged implementation. These new reforms have further solidified the organization's internal democracy, organizational health and governance of Amnesty Nepal.

The organization will continue to strive towards, including with these reforms, repositioning itself as a more impactful, relevant and responsive movement of activists that is supported by a sustainable, credible, competent and accountable organizational leadership. For Amnesty Nepal to operate effectively, it must empower and hold accountable its leadership, particularly at governance level, to make them shoulder their responsibility for the delivery of AI's vision, goals and objectives at the local level.

**10. Safety, security, well-being and staff development (including HEFAT)**

Staff members of the organization are the drivers of what the organization does. Therefore, it is essential for Amnesty Nepal, as a progressive employer, to invest in the safety, security, well-being and development of the staff. Amnesty will explore opportunities for staff members to participate in local, regional and global capacity building trainings, workshops as well as other well-being initiatives. As far as possible and practicable, efforts will also be made to include volunteers as well in these efforts.

**11. Effective participation at global governance meetings representing AI Nepal**

Because AI Nepal is a Section of global human rights movement of Amnesty International, it takes part in and contributes to the decision making processes at the regional and global level of Amnesty International every year. With its standing representative and other two delegates, AI Nepal will participate at the Asia Pacific Regional Meeting being held in Taipei and the Global Assembly being held in Brazil in 2026. The year 2026 is a motion year for Amnesty International, and intense discussions and decsion makings are expected to take place on quite a number of critical governance as well as human rights motions in the year 2026. Nepal's active and diligent participation will not only bring the local issues at the global platform but will also bring back a lot of learning and perspectives to the Section while contributing to building a robust global strategic focus and planning.

| ANNUAL BUDGET 2026 (January to December 2026) | | |
|---|---|---|
| | **Particulars** | **Year 2026** |
| **(A)** | **INCOME** | |
| | **1. Income from International Movement** | |
| | 1.1 Grant from AI's International Secretariat | 51,542,540.00 |
| | **2. Fundraising Income:** | |
| | 2.1 Donations & Membership Fees- regular automatic payments | 1,155,000.00 |
| | 2.2 Renewal of affiliation of AI Nepal Groups | - |
| | 2.3 Annual General Meeting Registration Fees | 79,000.00 |
| | 2.4 Miscellaneous income (reserve + interests) | 3,168,007.79 |
| | **TOTAL INCOME** | **55,944,547.79** |
| **(B)** | **EXPENDITURE** | |
| | **1. Staff and Support Expenses** | |
| | 1.1 Salary | 13,948,383.00 |
| | 1.2 Provident Fund | 1,394,838.30 |
| | 1.3 Festival allowance | 1,162,365.25 |
| | 1.4 Annual leave compensation | 2,219,060.93 |
| | 1.5 Volunteer expenses | 175,000.00 |
| | 1.6 Gratuity | 1,161,900.30 |
| | **2. Office Expenses** | |
| | 2.1 Utilities (Electricity/Gas/Water) | 350,000.00 |
| | 2.2 Office Expenses (cleaning) | 100,000.00 |
| | 2.3 Security Costs | 1,500,000.00 |
| | 2.4 Telephone/Internet | 230,000.00 |
| | 2.5 Insurance (for staff & officials) | 315,000.00 |
| | 2.6 Purchase of equipment, upgrading software and data system | 600,000.00 |
| | 2.7 Repair and maintenance of equipment and furniture | 250,000.00 |
| | 2.8 Media and communications | 85,000.00 |
| | 2.9 Web Domain Hosting | 75,000.00 |
| | **3. Human Rights Research, Campaigns and Advocacy** | |
| | 3.1 Advancing Economic, Social and Cultural Rights in Nepal | 3,500,000.00 |
| | 3.2 Strengthening the Right to Truth, Justice and Reparation in Nepal | 2,800,000.00 |
| | 3.3 Advancing Civil and Political Rights in Nepal | 3,500,000.00 |
| | 3.4 Human Rights Education | 3,000,000.00 |
| | 3.5 Campaigns and communications | 3,600,000.00 |
| | 3.6 Linguistic equity: knowledge and outputs in local languages | 750,000.00 |
| | 3.7 Enhancing the rights of youths and children including through ensuring their participation, voice, agency and actions | 2,700,000.00 |
| | 3.8 Strengthening organizational growth through a responsive engagement of members, supporters and activists | 2,000,000.00 |
| | 3.9 Strengthening governance including through building resilient and sustainable local members and supporter base | 7,000,000.00 |
| | 3.10 Safety, security, well-being and staff development (including HEFAT) | 1,300,000.00 |
| | 3.11 Effective participation at global governance meetings representing AI Nepal | 1,400,000.00 |
| | **4. Campaigns and Project Support Expenses** | |
| | 4.1 Postage | 40,000.00 |
| | 4.2 Stationery | 120,000.00 |
| | 4.3 Printing, communication and miscellaneous | 275,000.00 |
| | 4.4 Advertisement and miscellaneous | 110,000.00 |
| | **5. Financial Fees** | |
| | 5.1 Audit fee and expenses | 275,000.00 |
| | 5.2 Bank Charges | 8,000.00 |
| | **Grand Total** | **55,944,547.79** |

## विधान संशोधन प्रस्ताव

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध देवी युथनेटवर्क, फ्युजन युथनेटवर्क, लम्की युथनेटवर्क, जोसेफ युथनेटवर्क र युनाइटेड युथनेटवर्क तथा समूह २, समूह ८, समूह १६, समूह १७, समूह २१, समूह ३९, समूह ४१, समूह ४९, समूह ५०, समूह ५५, समूह ६१, समूह ७३ र समूह ८० द्वारा राष्ट्रिय सचिवालयमा दर्ता गराइएको **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३)** प्रस्तावलाई मिति २०८२ कार्तिक १७ र १८ गते बसेको नेसनल बोर्डले ३४ औं साधारण सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरेको थियो। उक्त विधान संशोधन प्रस्ताव देहायबमोजिम रहेको छः

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को नवौं संशोधन प्रस्तावसम्बन्धी तीन महले दस्तावेज

| क्र. सं | विधमान दफा | विधमान प्रावधान | संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १. | दफा १ को उपदफा (१) | (१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) हुने छ। . . . | (१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ (सन् २०२५) हुने छ। . . . | नवौं संशोधन भएकोले सोही अनुसार गरिएको। |
| २. | दफा ४ को उपदफा (१) | (१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) समेतलाई जनाउने छ। | (१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ (सन् २०२५) समेतलाई जनाउने छ। | नवौं संशोधन भएकोले सोही अनुसार गरिएको। |
| ३. | दफा ४ को उपदफा (२३) | (२३) "सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेला (Members' Province/Regional Forum)" भन्नाले यस विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउने छ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ। | × × × | क्षेत्रीय भेलासम्बन्धी दफा १० मा रहेको पूरै व्यवस्था हटाउन वाञ्छनीय देखिएकोले। |
| ४. | दफा ७ को उपदा (१) को क) | ७.१. सदस्यताको प्रकार<br>क) समर्थक सदस्यता :<br>. . . व्यक्तिगत सदस्यहरूलाई प्रतिनिधित्व गर्दै दफा १० को उपदफा (४) को (२) बमोजिम एम्नेस्टी नेपाल शाखाको क्षेत्रीय भेलाको निर्णयअनुसार प्रत्येक क्षेत्रबाट कम्तिमा एक जना व्यक्तिगत सदस्यले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकारसहित सहभागिता जनाउनेछन्। . . . | ७.१. सदस्यताको प्रकार<br>क) व्यक्तिगत सदस्यता :<br>× × ×<br>. . . . . . | क्षेत्रीय भेलासम्बन्धी प्रावधान हटाइएको। |
| ५. | दफा ९ को उपदफा ३ | ९.३. साधारण सभाको गठनः<br>(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :<br>(क) नेसनल बोर्डका पदाधिकारीहरू,<br>(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,<br>(ग) एम्नेस्टी नेपालमा आवद्ध कूल वैध सदस्य (valid members) सङ्ख्या बराबर १०० जनाको अनुपातमा दफा १० (१) बमोजिम निर्धारित प्रत्येक क्षेत्रमा विद्यमान कूल वैध सदस्यहरूको आधारमा हुन आउने सङ्ख्या बराबर एम्नेस्टी इन्टरनेसनल नेपालको क्षेत्रीय | ९.३. साधारण सभाको गठनः<br>(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :<br>(क) नेसनल बोर्डका सदस्य तथा पदाधिकारीहरू,<br>(ख) पुनरावेदन समिति, प्रेपरेटोरी कमिटि र नोमिनेसन कमिटिका सदस्य तथा पदाधिकारीहरू,<br>(ग) प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस विधान र यस विधान मातहतका नियमावलीहरूबमोजिम वैधता हाँसिल गरी सक्रिय रहेका एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कको कार्य | क्षेत्रीय भेलासम्बन्धी प्रावधानहरू हटाई सबै समूह र युथनेटवर्कबाट प्रतिनिधिहरूको सहभागिता गराई फराकिलो र सबैको अपनत्व तथा स्वामित्व हुने गरी साधारणसभाको व्यवस्था गर्न आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | भेलाबाट दफा १० (४) बमोजिम चयन गरिएका कूल १०० जना प्रतिनिधिहरू।<br>(घ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,<br>(ङ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,<br>(च)अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,<br>(छ) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।<br>(२) मताधिकारः<br>उपदफा (१) को (ग) बमोजिम क्षेत्रीय भेलाबाट चयन भई सहभागी हुन आएका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ। | समिति बैठकले निर्णय गरी तोकिएको समयभित्र सिफारिस गरी पठाएका एक एक जना प्रतिनिधि र नेपालभरीबाट तोकिएको विधि अवलम्बन गरी प्रदेशगत हिसाबमा चयन गरिएका बढिमा ७ जना व्यक्तिगत सदस्य प्रतिनिधिहरू,<br>नोटः *यस प्रावधानअनुसार समूह र युथनेटवर्कले प्रतिनिधिहरूको निर्णय गरी सिफारिस गर्दा यो विधान प्रारम्भ भई लागू भएको वर्ष कूल वैध समूहहरूको सङ्ख्यामा आधा नघट्नेगरी समूह १ देखि आधा हुन आउने समूहले अनिवार्य महिला र बाँकी समूहहरूले महिला वा गैर महिला तथा युथनेटवर्कहरूको हकमा वर्णानुक्रमानुसार आधा हुन आउने युथनेटवर्कले अनिवार्य महिला र अन्य बाँकी युथनेटवर्कहरूले महिला वा गैर महिला सदस्यहरूलाई प्रतिनिधिहरूको रूपमा सहभागिता गराउने निर्णय गरी राष्ट्रिय सचिवालयमा पठाउनुपर्नेछ। अन्य वर्षहरूको हकमा जुन जुन समूह वा युथनेटवर्कहरूले अघिल्लो साधारण सभामा महिला सदस्यहरूलाई प्रतिनिधिको रूपमा सिफारिस गरी पठाएका छन् उनीहरूले रोटेसनका आधारमा गैर महिला सदस्यहरूलाई प्रतिनिधिका रूपमा निर्णय गरी सिफारिस गर्न सक्नेछन्। तर यसले महिला सदस्यहरूलाई प्रतिनिधिका रूपमा सिफारिस गर्न बाधा पुर्‍याएको मानिनेछैन।*<br>(घ) निर्माणाधिन समूह र निर्माणाधिन युथनेटवर्कको कार्यसमितिबाट निर्णय गरी सिफारिस गरिएका एक एक जना पर्यवेक्षकहरू,<br>(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,<br>(च) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,<br>(छ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,<br>(ज) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू। | आएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (२) मताधिकारः<br>उपदफा (१) को (ग) बमोजिम सहभागी प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ। | |
| ६. | दफा ९.५ | **९.६. साधारणसभाको बैठक :**<br>(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछ।<br>(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ। | **९.६. साधारणसभाको बैठक :**<br>(ख) साधारणसभाको अध्यक्षता प्रेपकमले निर्णय गरी सिफारिस गरेको एम्नेस्टी नेपालका पूर्व अध्यक्षहरूमध्ये कुनै एक पूर्व अध्यक्षले गर्नेछ। यसरी सिफारिस गरेको अध्यक्ष अनुपस्थित भएमा प्रेपकमले तत्काल पूर्व अध्यक्षहरूमध्येबाट उपस्थित अर्का पूर्वअध्यक्षलाई साधारण सभाको अध्यक्षताका लागि प्रस्ताव गर्नुपर्नेछ। यदि कुनै पनि पूर्वअध्यक्षहरूको उपस्थिति नभएमा दफा ९.३ को (१) (ग) अनुसार उपस्थित प्रतिनिधिहरूमध्ये सबैभन्दा ज्येष्ठ प्रतिनिधिले साधारण सभाको अध्यक्षता गर्नेछन्।<br>(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा ९.३ को (१) (ग) अनुसार उपस्थित प्रतिनिधिहरूको कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ। | दफा ९.६ मा परिवर्तित प्रावधानअनुसार भाषा मिलाइएको। |
| ७. | दफा ९ को उपदफा (७) (ग) | (ग) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचन गर्ने, | (ग) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसनल कमिटि तथा पुनरावेदन समितिको निर्वाचन गर्ने, | प्रेपकप र नोमिनेसन कमिटि छुट हुन गएकोले सोलाई थप गरिएको। |
| ८. | दफा १० | **१०. सदस्यहरूको क्षेत्रीय भेला**<br>(१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा हुनुभन्दा कम्तिमा एक महिना अघि सदस्यहरूको क्षेत्रीय भेला हुनेछ। सामान्यतया क्षेत्रीय भेला भौतिक उपस्थितिमा हुनेछ। विषम परिस्थितिमा प्रेपकमको निर्णयअनुसार क्षेत्रीय भेलालाई अनलाइन | × × × | क्षेत्रगत तहमा साधारण सभाको प्रतिनिधिहरू चयन गर्ने क्रममा सदस्यहरूबीच हुने राजनीतिक दाउपेचका कारण मनमुटाव र गुटगत |

| | | | |
|---|---|---|---|
| | माध्यमबाट पनि गर्न सकिनेछ। नेपाललाई देहायका जिल्ला सम्मिलित कूल आठ क्षेत्रमा विभाजन गरी उक्त जिल्लाहरूमा रहेका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको उपदफा (२) बमोजिमका प्रतिनिधिहरू सम्मिलित क्षेत्रीय भेलाहरू आयोजना गरिनेछ।<br>क)कोशी क्षेत्रीय भेलाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी,धनकुटा, सोलुखुम्बु, खोटाङ, सङ्खुवासभा, उदयपुर, ओखलढुङ्गा<br>ख)मधेश क्षेत्रीय भेलाः सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट<br>ग) बागमती क्षेत्रीय भेलाः रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन<br>घ) काठमाडौं उपत्यका क्षेत्रीय भेलाः काठमाण्डौं, भक्तपुर, ललितपुर<br>ङ) गण्डकी क्षेत्रीय भेलाः नवलपरासी पूर्व, गोरखा, लमजुङ, स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ,<br>च) लुम्बिनी क्षेत्रीय भेलाः नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्युठान, रूकुम पूर्व, रोल्पा, बाँके, बर्दिया<br>छ)कर्णाली क्षेत्रीय भेलाः रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट<br>ज) सुदूर पश्चिम क्षेत्रीय भेलाः कैलाली, कञ्चनपुर, डँडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, बझाङ, दार्चुला।<br>(२) सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता<br>सदस्यहरूको क्षेत्रीय भेलामा निम्नबमोजिमको सहभागिता रहने छः | | मनस्थितिको विकास हुन गई मानवअधिकारको अभियान कमजोर बन्न पुगेकाले र साधारण सभामा सबै समूह र युथनेटवर्कहरूको समान सहभागिता र अपनत्व घट्दै गएर संस्थागत अस्तित्वमाथि नै जोखिमताहरू बढ्दै गएको देखिएका कारण र क्षेत्रीय भेलाहरू अप्रभावकारी र समय तथा श्रोतका हिसाबले पनि खर्चिलो भएकोले संस्थाको असल स्वास्थ्य र वृहत्तर सहभागितामूलक र स्वस्थ तथा प्रभावकारी साधारण सभाका लागि नेपालभरीका सबै समूह र युथनेटवर्कका प्रतिनिधिहरूकै सहभागितामा साधारण सभा आयोजना गर्नु वाञ्छनीय भएकोले क्षेत्रीय भेलासम्बन्धी प्रावधान हटाइएको। |

१. क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य ठहरिएका सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदसस्यहरूबाट देहायबमोजिमका प्रतिनिधिहरूः

क) प्रत्येक समूह र युथनेटवर्कबाट उक्त समूह तथा युथनेटवर्कमा रहेका कूल सदस्य सङ्ख्याको आधारमा देहायबमोजिम न्यूनतम ५० प्रतिशत महिलाको सहभागिता हुने गरी सम्बन्धित समूह तथा युथनेटवर्कको साधारण सभाद्वारा तोकिएका प्रतिनिधिहरू :

- न्यूनतम ३५ सदस्य रहेको समूह तथा युथनेटवर्कबाट २ जना
- न्यूनतम १०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ३ जना
- न्यूनतम २०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ४ जना
- न्यूनतम ३५० वा सो भन्दा बढी सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ५ जना।

नोटः क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य समूह र युथनेटवर्क भन्नाले यस विधान बमोजिम न्यूनतम सदस्यता सङ्ख्या कायम राखी वर्षमा कम्तिमा चारवटा मानवअधिकार अभियानका गतिविधिहरू सम्पन्न गरी क्षेत्रीय भेला हुने मितिभन्दा एक महिना अघि नै आफ्नो साधारण सभा सम्पन्न गरी सोको लिखित प्रतिवेदन निर्धारित समयभित्र राष्ट्रिय सचिवालयमा पेश गरेका समूह र युनथेटवर्कलाई बुझाउँछ।

ख) सम्बन्धित क्षेत्रअन्तर्गत रहेका व्यक्तिगत सदस्यहरूमध्येबाट कम्तिमा ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको प्रतिनिधित्व हुने गरी कूल व्यक्तिगत सदस्यहरूमध्येबाट तोकिएको प्रकृया पूरा गरी प्रेपकमद्वारा सिफारिस गरिएका

| | | | | |
|---|---|---|---|---|
| | | देहायको सङ्ख्याका व्यक्तिगत सदस्यहरू :<br>• १०० वा सोभन्दा कम व्यक्तिगत सदस्यको हकमा २ जना<br>• न्यूनतम ३५० व्यक्तिगत सदस्यहरूको हकमा ४ जना<br>• न्यूनतम ४५० र सोभन्दा बढी जतिसुकै सङ्ख्याको व्यक्तिगत सदस्यको हकमा ५ जना।<br>नोटः यस उपदफामा उल्लिखित "युवा" सदस्यले व्यक्तिगत युवा सदस्य भन्ने बुझाउँछ जो १६ वर्षदेखि २५ वर्ष पूरा नभएको उमेर समूहमा रहेका हुन्छन्।<br>२. प्रेपकमका संयोजक र/वा निजले तोकेका प्रेपकम सदस्य(हरू)।<br>३. प्रेपकम संयोजकद्वारा आमन्त्रित अतिथि पर्यवेक्षकहरू।<br>४. नेसनल बोर्डबाट तोकि खटाइएका नेसनल बोर्ड सदस्य(हरू)।<br>५. निर्देशकद्वारा तोकी खटाइएका राष्ट्रिय सचिवालयका कर्मचारीहरू।<br>**(३) सदस्यहरूको क्षेत्रीय भेला बैठक सञ्चालन**<br>सदस्यहरूको क्षेत्रीय भेला बैठकको अध्यक्षता प्रेपकमकका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछ। प्रत्येक क्षेत्रीय भेलाले एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभाका लागि प्रतिनिधि चयन गर्नुका साथै शाखाले सञ्चालन गरिरहेको मानवअधिकार अभियानका विषयमा छलफल र विमर्शका साथै कार्यक्रम तयारी र तर्जुमाका बारेमा छलफल गर्ने छ। क्षेत्रीय भेलाका अध्यक्षले नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन उपदफा (४) बमोजिम प्रजातान्त्रिक विधिबाट सम्पन्न गर्नेछन् र यसमा उनको निर्णय अन्तिम हुनेछ।<br>**(४) सदस्यहरूको क्षेत्रीय भेलाबाट एम्नेस्टी नेपाल शाखाको साधारण सभाका लागि प्रतिनिधि चयन गर्ने विधि**<br>१) एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागिताका लागि क्षेत्रीय भेलाबाट उपदफा (२) को १.(क) र (ख) का | | |

| | | | |
|---|---|---|---|
| | | प्रतिनिधिहरूमध्येबाट प्रतिनिधि चयन गर्नुपर्ने छ। यसरी प्रतिनिधि चयन गर्दा एम्नेस्टी नेपाल शाखामा आबद्ध कूल वैध सदस्यहरू (valid members) को सङ्ख्या बराबर १०० जनाको अनुपातमा उपदफा (१) अनुसार निर्धारण गरिएका क्षेत्रहरूमा रहेका कूल वैध सदस्यहरूको आधारमा चयन गरिनेछ। उदाहरणका लागि यदि एम्नेस्टी नेपाल शाखाको कुल वैध सदस्य सङ्ख्या ५,००० रहेछ भने र कोशी प्रदेशमा यदि कूल ७०० वैध सदस्यहरू रहेछन् भने त्यस प्रदेशबाट (१००x७००)/५००० = १४ सदस्यले एम्नेस्टी नेपाल शाखाको साधारण सभामा सहभागिता जनाउनेछन्।<br>२) माथि (१) बमोजिम प्रतिनिधिहरू चयन गर्दा कम्तिमा ५० प्रतिशत महिला, ४० प्रतिशत युवा र कम्तिमा एक जना व्यक्तिगत सदस्यको चयन गर्नुपर्नेछ।<br>नोटः यस उपदफाअन्तर्गत "युवा" भन्नाले एम्नेस्टी नेपाल शाखामा आबद्ध युथनेटवर्कका १६ वर्षदेखि २५ वर्ष उमेर समूहका सदस्यहरूलाई बुझ्नुपर्दछ।<br>**(५) सदस्यहरूको क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार**<br>क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः<br>१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन गर्ने,<br>२) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा छलफल गर्नु पर्ने मानवअधिकारका मुद्दा र विषयहरूमा छलफल र बहस गर्ने,<br>३) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको रणनीतिक लक्ष र सो अनुरूको कार्ययोजना तय गर्ने लगायत विषयमा साधारण सभामा निर्णयका लागि आवश्यक तयारी छलफलहरू गर्ने,<br>४) एम्नेस्टी नेपाल शाखाको संस्थागत विकास र अभियान | |

| | | | | |
|---|---|---|---|---|
| | | सबलीकरणका सामयिक विषय र मुद्दामा छलफल गर्ने। | | |
| ९. | दफा ११ (३) (ख) | **(३) उम्मेदवारको योग्यता तथा अयोग्यता**<br>(ख) . . . योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। . . . | (ख) . . . योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। . . . | प्रेपकम र नोमिनेसन कमिटि छुट्न गएकोमा थप गरिएको। |
| १०. | दफा १४ | **१४. प्रेपरेटोरी कमिटि (प्रेपकम)**<br>(१) एम्नेस्टी नेपालको प्रत्येक वर्ष आयोजना गरिने क्षेत्रीय भेला र साधारण सभाको योजना, संयोजन, तयारी, व्यवस्थापन र संपादनका लागि नेसनल बोर्डका अध्यक्षको संयोजकत्वमा देहायबमोजिमको एक पाँच सदस्यीय प्रेपरेटोरी कमिटि (प्रेपकम) रहने छ।<br>क) संयोजकः नेसनल बोर्ड अध्यक्ष<br>ख) साधारण सभाबाट निर्वाचित कम्तिमा एक जना महिलासहित दुई सदस्य<br>ग) नेसनल बोर्डले तोकेको एक जना सदस्य<br>घ) निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवालयका एकजना कर्मचारी<br>. . .<br>(८) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिमको सदस्यहरूको क्षेत्रीय भेला र साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूका कार्यहरू गर्ने गराउने छन्। | **१३. प्रेपरेटोरी कमिटि (प्रेपकम)**<br>(१) एम्नेस्टी नेपालको प्रत्येक वर्ष आयोजना गरिने साधारण सभाको योजना, संयोजन, तयारी, व्यवस्थापन र संपादनका लागि साधारण सभाबाट निर्वाचित कम्तिमा एक जना महिलासहित दुई जना, नेसनल बोर्डले तोकेको एक जना प्रतिनिधि र राष्ट्रिय सचिवालयका निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवलायका एकजना कर्मचारी सम्मिलित एक प्रेपरेटोरी कमिटि (प्रेपकम) रहनेछ। साधारण सभाबाट निर्वाचित दुई सदस्यहरूले क्रमशः आधा आधा कार्यकालका लागि प्रेपकमको संयोजकको भूमिका वहन गर्नेछन्।<br>(२) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिम साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूपका कार्यहरू गर्ने गराउने छन्।<br>. . .<br>(४) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिम साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूपका कार्यहरू गर्ने गराउने छन्। | दफा १४ मा प्रेपकमसम्बन्धी नयाँ व्यवस्था गरी सोहीअनुसार त्यसपछिको दफाहरूको नंबर मिलाइएको। |

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको
विधान २०५८ (सन् २००१)*

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

विश्वव्यापी रूपमा भइरहेका मानवअधिकार उल्लङ्घन र ज्यादतीका सन्दर्भमा मानवअधिकारको प्रवर्धन तथा संरक्षणका लागि एक गैरनाफामूलक, गैरसरकारी, गैरराजनीतिक संस्थाको सान्दर्भिकता महसुस गर्दै अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त मानवअधिकार अभियान एम्नेस्टी इन्टरनेसनलको विधानसँग मिल्दोजुल्दो यस विधानको प्रारूप तयार गरी एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको स्थापनाका लागि संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही यो विधान तयार गरिएको हो।

## भाग-१
## प्रारम्भिक

**१. एम्नेस्टी इन्टरनेसनल नेपालको स्थापनाः**

(१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) हुने छ। यो विधान स्वीकृत भएपछि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको स्थापना भएको मानिने छ। नेपाल शाखा भन्नाले नेपालको प्रचलित कानुनअनुसार कार्य गर्ने स्वायत्त संस्था भन्ने बुझिनेछ। यसलाई छोटकरीमा एम्नेस्टी नेपाल (Amnesty Nepal) भनेर चिनिनेछ।

(२) यो एक गैरनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक संस्था हुने छ।

(३) एम्नेस्टी नेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ। यसको हैसियत कानुनी व्यक्ति सरह हुनेछ।

**२. ठेगाना र कार्यक्षेत्र**

(१) यो संस्थाको कार्यालय काठमाडौंमा अवस्थित हुने छ र हाल यसको ठेगाना यस प्रकार हुने छः

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टी मार्ग, बसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल।

(२) यस संस्थाको कार्यक्षेत्र काठमाडौंमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपालभरी रहनेछ।

**३. प्रारम्भ**

यो विधान एम्नेस्टी नेपाल शाखाको साधारणसभाबाट पारित भई एम्नेस्टी इन्टरनेसनलको इन्टरनेसनल बोर्ड (International Board) र नेपाल सरकारले तोकेको निकायको स्वीकृति पश्चात लागू हुनेछ।

**४. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस विधानमा :

(१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) समेतलाई जनाउने छ।

(२) "एम्नेस्टी इन्टरनेसनल" भन्नाले बेलायतको लण्डनमा मुख्य कार्यालय भएको अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनललाई जनाउनेछ।

(३) "संस्था" वा "एम्नेस्टी नेपाल" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउने छ।

---

* *३२औं साधारणसभा र जिल्ला प्रशासन कार्यालय, काठमाडौंद्वारा स्वीकृत*

(४) "आई.एस." भन्नाले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(५) नेसनल बोर्ड (National Board) भन्नाले एम्नेस्टी नेपालको भाग ४ दफा ११ को उपदफा (१) बमोजिम गठित नेसनल बोर्ड लाई जनाउनेछ।

(६) "सदस्य" भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको भाग ३ दफा ७ बमोजिम "सदस्यता प्रकार र प्राप्ति" खण्डमा उल्लिखित शर्तहरू पुरा गरी सदस्यता प्राप्त गरेका व्यक्तिगत सदस्य, समूह सदस्य, युथनेटवर्क सदस्य र मानार्थ सदस्यहरूलाई जनाउने छ।

(७) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई बुझाउने छ।

(८) "स्थानीय तह" भन्नाले सम्बन्धित गाऊँपालिका, नगर/उपमहानगर/महानगरपालिका, जिल्ला समन्वय समितिलाई बुझाउने छ।

(९) "समूह (Group)" भन्नाले स्थानीय स्तरमा कार्य गर्न एम्नेस्टी इन्टरनेसनल नेपालबाट मान्यता प्राप्त समूहलाई जनाउने छ।

(१०) "युथ नेटवर्क (Youth Network)" भन्नाले एम्नेस्टी नेपालले सञ्चालन गर्ने अभियानका उद्देश्यमा आधारित भई विभिन्न गतिविधि गर्नका लागि एम्नेस्टी नेपालबाट युवा सदस्यता लिएका व्यक्तिहरूको स्थानीय नेटवर्कलाई जनाउने छ।

(११) "निर्माणाधिन समूह (Group-in-Formation)" भन्नाले समूहको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको समूहलाई जनाउने छ।

(१२) "निर्माणाधीन युथ नेटवर्क (Youth Network-in-Formation)" भन्नाले युथ नेटवर्कको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको युथ नेटवर्कलाई जनाउने छ।

(१३) "तोकिएबमोजिम" भन्नाले यो विधान र यसअन्तर्गत बनेका नियम, उपनियम वा यो विधानअन्तर्गत बनेका अख्तियारप्राप्त नेसनल बोर्ड, समिति र उपसमितिले तोकेबमोजिमका विषयहरूलाई जनाउने छ।

(१४) "पुनरावेदन समिति" भन्नाले एम्नेस्टी नेपालको साधारण सभाबाट विधानको दफा १३ को उपदफा (१) बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।

(१५) "नोमिनेसन कमिटि (Nomination Committee)" भन्नाले यस विधानको दफा १२ बमोजिमको कमिटिलाई जनाउनेछ।

(१६) "प्रेपरेटोरी कमिटि (Preparatory Committee)" भन्नाले यस विधानको दफा १४ बमोजिमको कमिटिलाई जनाउनेछ। यसलाई छोटकरीमा प्रेपकम (PrepCom) भनेर पनि बुझिनेछ।

(१७) "राष्ट्रिय सचिवालय" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(१८) "अध्यक्ष" भन्नाले एम्नेस्टी नेपालका अध्यक्षलाई जनाउने छ।

(१९) "निर्देशक" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाका निर्देशकलाई जनाउने छ।

(२०) "नेसनल बोर्ड पदाधिकारी" भन्नाले "नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउने छ।

(२१) "पुनरावेदन समितिका पदाधिकारी" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ।

(२२) "साधारण सभा" भन्नाले यस विधानको दफा ९ मा व्यवस्था गरिएबमोजिमको सभालाई जनाउने छ।

(२३) "सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेला (Members' Province/Regional Forum)" भन्नाले यस विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउने छ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ।

(२४) "नेपाल शाखा" भन्नाले एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखालाई जनाउने छ।

**५. एम्नेस्टी नेपालको प्रतीक चिन्ह तथा छाप**

(१) आयाताकार पहेंलो पृष्ठभूमिमा दायाँतर्फ काँडेतारले बेरिएको बलिरहेको मैनबत्ति र बायाँतर्फ पहिलो हरफमा "एम्नेस्टी" र दोस्रो हरफमा "इन्टरनेसनल" लेखिएको र दुवै हरफहरूको लम्बाई बराबर भएको तथा पहेंलो भागको ठिक तल पहेंलो भागको लम्बाईको बराबर हुनेगरी "एम्नेस्टी इन्टरनेसनल नेपाल" लेखिएको (अनुसूची १ अनुसारको) एम्नेस्टी नेपालको प्रतीक चिन्ह हुनेछ।

(२) यस संस्थाको प्रतीक चिन्ह अङ्कित भएको एक छाप हुने छ।

## भाग-२
## परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यदिश

**६. यस संस्थाको परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यदिश निम्नबमोजिम हुनेछः**

**६.१. परिदृश्यः**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका मानवअधिकारहरूलाई संसारका हरेक व्यक्तिले स्वतन्त्रतापूर्वक उपभोग र प्राप्ति गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृष्य हुनेछ।

**६.२. उद्देश्यः**

एम्नेस्टी नेपालको परिदृश्यलाई साकार पार्न सबै प्रकृतिका मानवअधिकारहरूको गम्भीर उल्लङ्घन र ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एवं मानवअधिकार प्रवर्धनका लागि कार्य गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको उद्देश्य रहेको छ।

**६.३. मूल आदर्शः**

मानव जीवनमा हुने सबै प्रकारका भेदभावको अन्त्य, स्वतन्त्रता, निष्पक्षता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता, विश्वव्यापकता, अविभाज्यता, अन्तर्निर्भरता, प्रजातान्त्रिक अभ्यास र आचरण तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको विश्व समुदाय निर्माण गर्ने।

**६.४. कार्यविधिः**

(क) मानवअधिकारसम्बन्धी कुनै निश्चित घटना वा ज्यादतीका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएका अनुसन्धानहरूका आधारमा प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी कुनै पनि देशका सरकार, कम्पनीहरू, अन्तरसरकारी संस्था, सशस्त्र राजनीतिक समूह तथा अन्य गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादती रोक्नका लागि एम्नेस्टी नेपालमा आबद्ध सदस्य, यसका सहयोगीहरू र मानवअधिकार रक्षकहरूद्वारा नेपालको कानुनको परिधिभित्र रही दबाब सिर्जना गरिने छ।

(ख) मानवअधिकार उल्लङ्घन र ज्यादतीको रोकथामका लागि सरकारहरूलाई कानुनी शासनको सिद्धान्तको पालना गर्न र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन एवं कार्यान्वयनका लागि आह्वान गर्ने छ। मानवअधिकार शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्तरसरकारी सङ्गठन, व्यक्ति तथा समाजका हरेक अङ्गलाई मानवअधिकारको सम्मान र समर्थन गर्न प्रोत्साहित गर्ने छ।

**६.५. कार्यदिश**

एम्नेस्टी इन्टरनेसनलबाट विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालित विभिन्न अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र वकालत गर्न एम्नेस्टी नेपाल क्रियाशील

हुनेछ। एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त कार्यक्रम र एम्नेस्टी नेपालको वार्षिक साधारण सभाबाट पारित गरिएका वार्षिक कार्यक्रमहरू (Annual Work Plan) का आधारमा राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपालमा आबद्ध सदस्य, समूह तथा युथ नेटवर्कहरूलाई अभियानसम्बन्धी गतिविधिहरूमा संलग्न हुन निरन्तर *एक्सन सर्कुलर* (Action Circular)हरू जारी गर्नेछ। यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको बारेमा एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयसँगको परामर्शका आधारमा भएको अनुसन्धान र अध्ययन पछिमात्र आफ्नो धारणा र अभिव्यक्ति राखेछ जसलाई एम्नेस्टी नेपालमा आबद्ध समूह, निर्माणाधिन समूह, युथ नेटवर्क निर्माणाधिन युथ नेटवर्क तथा व्यक्तिगत सदस्यहरूले अक्षरशः पालना गर्नुपर्नेछ र उनीहरूले आफ्नै निर्णयका आधारमा कुनै धारणा बनाउने वा अन्य गतिविधिहरू गर्ने कार्य गर्न पाउने छैनन्।

## भाग-३
## सदस्यता

### ७. सदस्यताको प्रकार र प्राप्ति

#### ७.१. सदस्यताको प्रकार

(क) **व्यक्तिगत सदस्यताः**

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुर्याउन चाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना निर्धारित शुल्क तिरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सचिवालयबाट व्यक्तिगत सदस्यता (individual membership) प्राप्त गर्न सक्नेछन्। व्यक्तिगत सदस्यहरू एम्नेस्टी नेपालको मानवअधिकार अभियानहरूमा संलग्न हुन, नेतृत्वका लागि प्रतिस्पर्धामा सहभागिता जनाउन र निर्णय प्रकृयामा तोकिएबमोजिम सहभागिता जनाउन पाउने छन्। व्यक्तिगत सदस्यहरूलाई प्रतिनिधित्व गर्दै दफा १० को उपदफा (४) को (२) बमोजिम एम्नेस्टी नेपाल शाखाको क्षेत्रीय भेलाको निर्णयअनुसार प्रत्येक क्षेत्रबाट कम्तिमा एक जना व्यक्तिगत सदस्यले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकारसहित सहभागिता जनाउनेछन्। कुनै समूह वा युथनेटवर्क मातहतबाट एम्नेस्टी नेपाल शाखाको सदस्यता लिएका सदस्यहरूले उक्त समूह वा युथनेटवर्कअन्तर्गतको सदस्यता अवधि समाप्त भएपछि मात्र व्यक्तिगत सदस्यता लिन पाउने छन्।

(ख) **समूह सदस्यताः**

एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुऱ्याउन र सहभागी हुन चाहने १६ वर्ष वा सोभन्दा माथिका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध समूह वा निर्माणाधिन समूहको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल शाखाको समूहगत सदस्यता प्राप्त गर्न सक्नेछन्। यस्ता सदस्यहरूलाई सम्बन्धित समूहमा र सम्बन्धित समूहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।

(ग) **युथ नेटवर्क सदस्यताः**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुर्याउन र सहभागी हुन चाहने १६ देखि २५ वर्ष उमेर समूहका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा वा अन्य कुनै आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन्। युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन्। उनीहरूले राष्ट्रिय सचिवालयबाट समर्थक सदस्यता पनि लिन सक्ने छन्। यस्ता सदस्यहरूलाई सम्बन्धित युथ नेटवर्कमा र सम्बन्धित युथ नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।

(घ) **मानार्थ सदस्यता**

समाजको विभिन्न क्षेत्रमा रही सामाजिक प्रतिष्ठा हाँसिल गरेका वा मानवअधिकार प्रवर्धन र संवर्धनमा योगदान पुर्याउँदै आएका व्यक्तिलाई तोकिएबमोजिम एम्नेस्टी नेपाल शाखाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

### ७.२. सदस्यता प्राप्ति

विधानको दफा ७ को उपदफा १ बमोजिमको प्रकृया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ। यसरी प्रदान गरिएको सदस्यहरूको सदस्यता अवधि दुई वर्षको रहनेछ र सो अवधि पश्चात पुनः नवीकरण गरी सदस्यता कायम गर्न सकिनेछ।

### ७.३. सदस्यताका लागि आवश्यक योग्यताः

एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन्ः

(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता।

(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी।

(ग) मानसिक सन्तुलन नगुमाएको।

(घ) भ्रष्टाचारमा दोषी नठहरिएको।

(ङ) यौन हिंसा, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न नरहेको।

(च) मानवअधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको।

### ७.४. सदस्यता नवीकरणः

(क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको तीन महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ। तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन।

(ख) नेसनल बोर्डले उपयुक्त कारण खुलाई कुनै व्यक्तिको सदस्यता नवीकरण नगर्ने भन्ने निर्णय गर्न सक्दछ।

(ग) नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार हुनेछ।

## ८. सदस्यताको समाप्ति

(१) देहायको कुनै एक अवस्थामा एम्नेस्टी नेपालको कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछः

(क) लिखित राजिनामा दिई स्वीकृत भएमा,

(ख) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको विधान, नीति र उद्देश्य विपरीत कार्य गरेमा,

(ग) सदस्यताको म्याद समाप्त भएमा,

(घ) विधानको भाग ३ दफा ७.३ बमोजिमको योग्यता नरहेमा,

(ङ) मृत्यु भएमा

(च) युथ नेटवर्क सदस्यको हकमा सम्बन्धित सदस्यको उमेर पच्चीस वर्ष पूरा भएमा।

(२) समूहगत सदस्यको हकमा सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहको सिफारिसमा नेसनल बोर्डले सदस्यता समाप्तिसम्बन्धी निर्णय गर्नेछ। यदि सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहले सिफारिस नगरेमा नेसनल बोर्डले सदस्यता समाप्तिको निर्णय गर्ने छ।

(३) व्यक्तिगत सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय नेसनल बोर्डले गर्नेछ।

## भाग-४
## साङ्गठनिक संरचना

### ९. साधारणसभा

#### ९.१. साधारणसभाको स्वरूपः

साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिको पदाधिकारी तथा सदस्यहरूको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ।

९.२. साधारण सभाको बैठक हरेक वर्ष बस्नेछ।

#### ९.३. साधारण सभाको गठनः

(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :

(क) नेसनल बोर्डका पदाधिकारीहरू,

(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,

(ग) एम्नेस्टी नेपालमा आबद्ध कूल वैध सदस्य (valid members) सङ्ख्या बराबर १०० जनाको अनुपातमा दफा १० (१) बमोजिम निर्धारित प्रत्येक क्षेत्रमा विद्यमान कूल वैध सदस्यहरूको आधारमा हुन आउने सङ्ख्या बराबर एम्नेस्टी इन्टरनेसनल नेपालको क्षेत्रीय भेलाबाट दफा १० (४) बमोजिम चयन गरिएका कूल १०० जना प्रतिनिधिहरू।

(घ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,

(ङ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

(च) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,

(छ) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।

(२) **मताधिकारः**

उपदफा (१) को (ग) बमोजिम क्षेत्रीय भेलाबाट चयन भई सहभागी हुन आएका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ।

९.४. **विशेष सधारणसभाः**

(क) एम्नेस्टी नेपाल अन्तर्गतका २५ प्रतिशत समूह र युथनेटवर्कहरूले तोकिएबमोजिम विशेष कारण देखाई विशेष साधारणसभाको माग गरेमा नेसनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ।

(ख) तत्काल विशेष साधारण सभाबाट कुनै विषयमा अन्तिम निर्णय लिनुपर्ने परिस्थिति सिर्जना भएमा नेसनल बोर्डले आवश्यकताअनुसार विशेष सधारणसभा बोलाउन सक्नेछ।

(ग) विशेष साधारणसभा जुन कार्यका लागि माग गरिएको वा बोलाइएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ।

(घ) विशेष साधारण सभाको गठन दफा ९.३ बमोजिम हुने छ।

(ङ) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्न पर्नेछ।

(च) विशेष सधारणसभाको जानकारी ३० दिन अगाडि नै समूह र युथनेटवर्कहरूलाई पठाउनु पर्नेछ।

९.५. **साधारणसभाको बैठकः**

(क) साधारणसभाको बैठक प्रत्येक वर्ष प्रेपकमको सल्लाहमा नेसनल बोर्डबाट निर्धारण भएको मिति, समय र स्थानमा हुनेछ। भौतिक उपस्थितिमा साधारणसभा आयोजना गर्न कठिन, असंभव वा असहज हुने परिस्थितिमा अनलाइन माध्यमबाट तयारी छलफल गरी आवश्यक निर्णय लिन सकिनेछ। साधारणसभाको मिति र स्थानसम्बन्धी जानकारी एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई ७५ दिन अगावै उपलब्ध गराउनु पर्नेछ।

(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछ।

(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ।

(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा बहुमतबाट गरिने छ।

(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन्।

९.६. **साधारणसभाको काम, कर्तव्य र अधिकार :**

(क) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक लक्ष्य (Strategic Goals) मा आधारित एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको आर्थिक नीतिमा आधारित एम्नेस्टी नेपालको आर्थिक नीति तर्जुमा गर्ने,

(ग) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि तथा पुनरावेदन समितिको निर्वाचन गर्ने,

(घ) एम्नेस्टी नेपालको कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, बजेट, कार्ययोजना तथा राष्ट्रिय सचिवालयको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने,

(ङ) लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने,

(च) अन्य आवश्यक प्रस्तावहरू पारित गर्ने।

## १०. सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेला

(१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा हुनुभन्दा कम्तिमा एक महिना अघि सदस्यहरूको क्षेत्रीय भेला हुनेछ। सामान्यतया क्षेत्रीय भेला भौतिक उपस्थितिमा हुनेछ। विषम परिस्थितिमा प्रेपकमको निर्णयअनुसार क्षेत्रीय भेलालाई अनलाइन माध्यमबाट पनि गर्न सकिनेछ। नेपाललाई देहायका जिल्ला सम्मिलित कूल आठ क्षेत्रमा विभाजन गरी उक्त जिल्लाहरूमा रहेका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको उपदफा (२) बमोजिमका प्रतिनिधिहरू सम्मिलित क्षेत्रीय भेलाहरू आयोजना गरिनेछ।

(क) कोशी क्षेत्रीय भेलाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी,धनकुटा, सोलुखुम्बु, खोटाङ, सङ्खुवासभा, उदयपुर, ओखलढुङ्गा

(ख) मधेश क्षेत्रीय भेलाः सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट

(ग) बागमती क्षेत्रीय भेला १ः रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन

(घ) बागमती (काठमाडौं उपत्यका) क्षेत्रीय भेला २ः काठमाण्डौं, भक्तपुर, ललितपुर

(ङ) गण्डकी क्षेत्रीय भेलाः नवलपरासी पूर्व, गोरखा, लमजुङ, स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ,

(च) लुम्बिनी क्षेत्रीय भेलाः नवलपरासी पश्चिम, रूपन्देही, कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्युठान, रूकुम पूर्व, रोल्पा, बाँके, बर्दिया

(छ) कर्णाली क्षेत्रीय भेलाः रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट

(ज) सुदूर पश्चिम क्षेत्रीय भेलाः कैलाली, कञ्चनपुर, डँडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, बझाङ, दार्चुला।

(२) **सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता**

सदस्यहरूको क्षेत्रीय भेलामा निम्नबमोजिमको सहभागिता रहने छः

१. क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य ठहरिएका सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूबाट देहायबमोजिमका प्रतिनिधिहरूः

(क)प्रत्येक समूह र युथनेटवर्कबाट उक्त समूह तथा युथनेटवर्कमा रहेका कूल सदस्य सङ्ख्याको आधारमा देहायबमोजिम न्यूनतम ५० प्रतिशत महिलाको सहभागिता

हुने गरी सम्बन्धित समूह तथा युथनेटवर्कको साधारण सभाद्वारा तोकिएका प्रतिनिधिहरूः

- न्यूनतम ३५ सदस्य रहेको समूह तथा युथनेटवर्कबाट २ जना
- न्यूनतम १०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ३ जना
- न्यूनतम २०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ४ जना
- न्यूनतम ३५० वा सो भन्दा बढी सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ५ जना।

नोटः क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य समूह र युथनेटवर्क भन्नाले यस विधान बमोजिम न्यूनतम सदस्यता सङ्ख्या कायम राखी वर्षमा कम्तिमा चारवटा मानवअधिकार अभियानका गतिविधिहरू सम्पन्न गरी क्षेत्रीय भेला हुने मितिभन्दा एक महिना अघि नै आफ्नो साधारण सभा सम्पन्न गरी सोको लिखित प्रतिवेदन निर्धारित समयभित्र राष्ट्रिय सचिवालयमा पेश गरेका समूह र युनथेटवर्कलाई बुझाउँछ।

(ख)सम्बन्धित क्षेत्रअन्तर्गत रहेका व्यक्तिगत सदस्यहरूमध्येबाट कम्तिमा ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको प्रतिनिधित्व हुने गरी कूल व्यक्तिगत सदस्यहरूमध्येबाट तोकिएको प्रकृया पूरा गरी प्रेपकमद्वारा सिफारिस गरिएका देहायको सङ्ख्याका व्यक्तिगत सदस्यहरू :

- १०० वा सोभन्दा कम व्यक्तिगत सदस्यको हकमा २ जना
- न्यूनतम ३५० व्यक्तिगत सदस्यहरूको हकमा ४ जना
- न्यूनतम ४५० र सोभन्दा बढी जतिसुकै सङ्ख्याको व्यक्तिगत सदस्यको हकमा ५ जना।

नोटः यस उपदफामा उल्लिखित "युवा" सदस्यले व्यक्तिगत युवा सदस्य भन्ने बुझाउँछ जो १६ वर्षदेखि २५ वर्ष पूरा नभएको उमेर समूहमा रहेका हुन्छन्।

२. प्रेपकमका संयोजक र/वा निजले तोकेका प्रेपकम सदस्य(हरू)।
३. प्रेपकम संयोजकद्वारा आमन्त्रित अतिथि पर्यवेक्षकहरू।
४. नेसनल बोर्डबाट तोकि खटाइएका नेसनल बोर्ड सदस्य(हरू)।
५. निदर्शेकद्वारा तोकी खटाइएका राष्ट्रिय सचिवालयका कर्मचारीहरू।

(३) **सदस्यहरूको क्षेत्रीय भेला बैठक सञ्चालन**

(च) कुनै पदमा उम्मेदवार हुन चाहने विधानबमोजिम योग्यता पुगेका समूह र युथ नेटवर्क सदस्यले आफ्नो समूह वा युथनेटवर्कबाट सो पदमा उम्मेदवार हुनको लागि सिफारिस प्राप्त गरेको हुनु पर्नेछ। एउटा समूह वा युथनेटवर्कले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ। उम्मेदवारी दिन चाहने व्यक्तिगत सदस्यले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिका विभिन्न पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ। यसरी उम्मेदवारी दिने जोसुकैले एम्नेस्टी नेपालको सदस्यता लिएको कम्तिमा एक वर्ष पूरा भएको हुनुपर्छ।

**स्पष्टीकरणः** आफ्नो समूह वा युथ नेटवर्क भन्नाले कुनै व्यक्तिको मनोनयन हुँदाको अवस्थामा सो समूह वा युथनेटवर्कको सदस्य रहेको व्यक्ति हुनु पर्नेछ। समूह वा युथनेटवर्कअन्तर्गतका सदस्यले उक्त सदस्यताको अवधि समाप्त नभई व्यक्तिगत सदस्यता लिन मिल्ने छैन। साथै तोकिए बमोजिमको रित पूरा गरी नोमिनेसन कमिटीले सिफारिस गरेको व्यक्तिले पनि उम्मेदवारी दिन सक्नेछ।

(छ) राष्ट्रिय सचिवालयका कर्मचारी र नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरूलाई उम्मेदवारी दिने अधिकार हुनेछैन।

(ज) नोमिनेसन कमिटीले साधारणसभा प्रारम्भ हुनुभन्दा कम्तिमा तीन महिना अगाडिबाट आफ्नो काम थाल्नेछ। एम्नेस्टी नेपालको नेसनल बोर्ड र पुनरावेदन समितिमा उम्मेदवार बन्न चाहने समूह तथा युथनेटवर्कका सदस्य र अन्य सदस्यहरूले उक्त कमिटिसमक्ष तोकिएको प्रावधान पूरा गरी आफ्नो चाहना पत्र पेश गर्नुपर्नेछ। कमिटीले काम थालेको डेढ महिना भित्र त्यसरी आएका चाहनापत्रका बारेमा आफ्नो सिफारिस सहितको प्रतिवेदन निर्वाचन समितिलाई पेश गर्नेछ। समूह र युथनेटवर्कमार्फत् सदस्य बनेकाहरूले चाहना पत्रमा समूह र युथनेटवर्कको सिफारिस अनिवार्य राख्नुपर्नेछ। व्यक्तिगत सदस्यहरूको क्लस्टरबाट इच्छापत्र जाहेर गर्नेले रितपूर्वक फारम भरी सचिवालयमा दर्ता गराई नोमिनेसन कमिटिद्वारा तोकिएको छानबिन (vetting) प्रकृया पार गरेको हुनुपर्नेछ। तोकिएको समयभित्र राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूहका प्रतिनिधि उपस्थित भई वा इमेलको माध्यामबाट उम्मेदवारीलाई विधिवत दर्ता गराउनु पर्नेछ। रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूले मान्यता पाउने छैनन्।

(झ) उम्मेदवारी मनोनयन पत्रकासाथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण (Curriculum vitae) का साथै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेतृत्वदायी भूमिकामा आउन चाहनुको कारण, व्यक्तिगत प्रतिबद्धता तथा संस्थाको लागि आफूले लिएको परिदृष्य र लक्ष्यसमेत समावेश गरिएको बढीमा एक पेजको आवेदन पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरणमा उल्लेख गरेअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै सदस्य तथा साधारण सभाका प्रतिनिधिहरूमा पठाउनु पर्नेछ।

(ञ) निर्वाचन प्रयोजनका लागि साधारणसभा आयोजनास्थलमै निर्वाचन अधिकृतको कार्यालय रहनेछ।

(ट) निर्वाचन अधिकृतले राष्ट्रिय सचिवालयका कर्मचारी तथा गणकहरूको सहायता लिई मतदाता तथा उम्मेदवारको नामावली प्रकाशन गर्नुका साथै नाम फिर्ता, दावी विरोध, अन्तिम नामावली प्रकाशन लगायत मतदानसम्बन्धी कार्यक्रम प्रकाशित गरी सोही कार्यक्रमअनुसार यो नियमावलीको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछन्।

(ठ) राष्ट्रिय सचिवालयका कर्मचारीहरूले निर्वाचन अधिकृतको काममा सहयोग गर्नेछन् र निर्वाचनको विषयमा निष्पक्ष रहनेछन्।

(ङ) प्रत्येक पदका उम्मेदवारलाई साधारणसभाको प्रारम्भिक सत्रमा बढीमा ५ मिनेटका दरले मन्तव्य व्यक्त गर्ने अवसर दिइनेछ। यस्तो मन्तव्य प्रकट गर्दा कसैप्रति लाञ्छना लगाउन, संस्था प्रति अनास्था प्रकट गर्ने वक्तव्य दिन तथा झुठा आश्वासन दिन पाइने छैन।

(ढ) निर्वाचनमा प्रत्येक पदका लागि अलग अलग मत पत्र (ballot paper) राखिनेछ र प्रत्येक मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि परिचयपत्रका आधारमा मतपत्र उपलब्ध गराइनेछ।

(ण) मतदान वा मतगणनाका समयमा निगरानी गर्नको लागि उम्मेदवारहरूले आफैं बस्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन्।

(त) मतपत्रमा नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारहरूको नाम अंकित हुनेछ।

(थ) मतदाताले मतदान गर्दा उम्मेदवारको नाम अगाडि दिइएको कोष्ठमा चिन्ह ☑ लगाई मतदान गर्नुपर्नेछ।

(द) मतदान गर्दा तोकिएबमोजिमको पद तथा संख्यामा अनिवार्य मत प्रदान गर्नुपर्नेछ। निर्वाचित हुनुपर्ने भन्दा कम वा बढी उम्मेदवारलाई मतदान गरेमा त्यस्तो मतपत्र बदर हुनेछ।

(ध) मतदानको कार्य सम्पन्न हुनासाथ उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन अधिकृतले आवश्यकताअनुसार अन्य कर्मचारी र गणकहरूको सहायता लिई मतगणना गर्नेछन्।

(न) नेसनल बोर्डको अध्यक्ष र कोषाध्यक्षमा अधिकतम मत ल्याउने एक एक जना र सदस्यमा नौ जना (न्यूनतम ३ जना महिला र दुई जना युथ नेटवर्कको प्रतिनिधित्व हुनेगरी उम्मेदवारी दिएका कम्तिमा दुई जना युवा बोर्ड सदस्य जसमा अनिवार्य एक जना महिला सदस्य) अधिकतम मत ल्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिनेछ। त्यसैगरी पुनरावेदन समिति र नोमिनेसन कमिटिका संयोजक, कम्तिमा एक महिला सहित दुई सदस्य तथा प्रेपकमको कम्तिमा एकजना महिलासहित दुई सदस्य पदमा सर्वाधिक मत हासिल गर्नेलाई निर्वाचित घोषित गरिनेछ।

(प) कुनै पदमा मत बराबरी भएमा मत बराबर हुने उम्मेदवारहरूका बीच गोला प्रथाद्वारा निर्णय लिइनेछ।

(फ) निर्वाचन वा मतगणना सम्बन्धमा कुनै विवाद भएमा निर्वाचन अधिकृत र गणकहरू सम्मिलित समितिको निर्णय अन्तिम मानिनेछ।

(ब) नवीकरण नगरिएका र निर्धारित समयमा आफ्नो साधारण सभा सम्पन्न नगरेका तथा सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता नजनाएका समूह र युथ नेटवर्कले निर्वाचनका लागि मनोनयन गर्न पाउने छैनन्। निर्धारित समयमा नवीकरण वा साधारणसभा नगर्ने र सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता नजनाउने समूह वा युथ नेटवर्कको तर्फबाट कोही उम्मेदवार भएको अवस्थामा निजको उम्मेदवारी अमान्य हुनेछ।

## परिच्छेद-९

## नियमावलीको संशोधन

### १६. नियमावली संशोधनको प्रस्ताव

(क) नेसनल बोर्डले यो नियमावली संशोधन गर्न आवश्यक देखेमा आवश्यक संशोधन गरी साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ।

(ख) कुनै मान्यताप्राप्त समूह वा युथ नेटवर्कले यो नियमावलीमा संशोधन गराउन चाहेमा यसै नियमावलीको परिच्छेद ४ बमोजिम छलफलका विषयहरूमा समावेश गरी गराई संशोधन प्रस्ताव ल्याउन सक्नेछन्।

### १७. संशोधन भएको मानिने

(क) नेसनल बोर्डबाट गरिएको संशोधन साधारणसभाबाट अनुमोदन भएपश्चात् र समूहबाट प्रस्तावित संशोधन साधारणसभामा उपस्थित प्रतिनिधिहरूको बहुमतले पारित गरेमा यो नियमावलीमा संशोधन भएको मानिनेछ।

(ख) पारित संशोधन तुरुन्तै लागू हुनेछ।

**१८. खारेजी तथा बचाऊः**

(क) एम्नेस्टी नेपाल राष्ट्रिय परिषद नियमावली, २०५५ खारेज गरिएको छ।

(ख) एम्नेस्टी इन्टरनेसनल नेपालको साधारणसभा नियमावली, २०६२ प्रारम्भ हुनु अघि भए गरेका काम कारबाही यसै नियमावली अनुरूप भए गरेको मानिने छ।

♣ समाप्त ♣

एम्नेस्टी इन्टरनेसनल नेपालका सदस्यहरूको लागि आचारसंहिता
अगस्ट २००९

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

## १) परिचय

यस नीतिले एम्नेस्टी इन्टरनेसनल नेपालका सदस्यहरूलाई संस्थाको सदस्यको रूपमा उनीहरूबाट अपेक्षा गरिएको आचरणका बारेमा स्पष्ट पार्ने लक्ष्य राखेको छ। एम्नेस्टी नेपालको आधिकारिक रूपमा मान्यता प्राप्त सदस्य बन्नु अघि सदस्यहरूले आचारसंहिता पढ्न र बुझ्न महत्त्वपूर्ण हुन्छ।

मानवअधिकारको सङ्घर्ष साँच्चै अन्तर्राष्ट्रिय हुनुपर्छ। किनभने मानवअधिकारहरू विश्वव्यापी छन् र विश्वव्यापी रूपमा उठाइएका आवाजहरूका माध्यमबाट नै मानवअधिकारलाई सबैभन्दा प्रभावकारी रूपमा प्रवर्धन र रक्षा गर्न सकिन्छ। यी जिम्मेवारी र आचरणहरू एम्नेस्टी इन्टरनेसनलको निष्पक्षता, स्वतन्त्रता र एकरूपतालाई रक्षा गर्न तर्जुमा गरिएका हुन् र एम्नेस्टी इन्टरनेसनलको निष्पक्षता, स्वतन्त्रता र एकरूपतामा नै एम्नेस्टी इन्टरनेसनलको प्रभावकारिता निर्भर रहेको हुन्छ। यी आचारसंहिताहरू एम्नेस्टी नेपालका सदस्यहरूको सुरक्षाको लागि पनि तर्जुमा गरिएको हो किनभने अन्तर्राष्ट्रिय ऐक्यबद्धतामार्फत नै हामीले एकअर्काको संरक्षण गर्न सक्दछौं। मानवअधिकार अभियानको रूपमा सबै भन्दा प्रभावकारी रूपमा काम गर्न एम्नेस्टी इन्टरनेसनल नेपालका सदस्यहरूले निम्न सिद्धान्त र आचारसंहिताहरूलाई कडाइका साथ पालना गर्न सहमत भएका छन्ः

## २) सिद्धान्त

निम्नलिखित सिद्धान्तहरू एम्नेस्टी नेपालका सदस्यहरूको लागि आचारसंहिताको आधारका रूपमा रहेका छन्ः

**निस्वार्थताः**
समग्रमा एम्नेस्टी नेपालको सर्वोत्तम हितमा काम गर्नु एम्नेस्टी नेपालका सदस्यहरूको सामान्य कर्तव्य हो। सदस्यहरूले आफ्नै लागि वा आफ्नो परिवार, साथीभाइ, वा आफूले काम गर्ने वा प्रतिनिधित्व गर्ने अन्य कुनै संस्थाको लागि आर्थिक वा अन्य भौतिक लाभहरू प्राप्त गर्ने प्रयोजनका लागि एम्नेस्टीको सदस्यता प्रयोग गर्नु हुँदैन।

**अखण्डताः**
• सदस्यहरूले आफ्नो भूमिकाको कार्यसम्पादनमा आफूलाई प्रभावित पार्न सक्ने बाह्य व्यक्ति वा संस्थाप्रति आफूलाई कुनै पनि वित्तीय वा अन्य दायित्वको अधिनमा राख्नु हुँदैन;
• सदस्यहरूले कुनै पनि खालको अनुचित व्यवहार देखाउनुहुँदैन;

**जवाफदेहिता**

- सदस्यहरूमा उनीहरूमाथि राखिएको विश्वासअनुसार र एम्नेस्टी नेपालप्रतिको जन विश्वासलाई जगेर्ना गर्ने गरी सदैव कानूनको पालना गर्ने कर्तव्य रहन्छ।
- सदस्यहरू राष्ट्रिय कार्य समिति र अधिकार वाहकहरूप्रति उत्तरदायी रहने छन्। उनीहरूले आफ्नो भूमिकाको लागि उपयुक्त छानबिन गर्न आफैंलाई पेश गर्नुपर्नेछ।

**इमानदारीता**

- सदस्यहरूले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्तप्रतिबद्धताका साथै इमानदारीता प्रदर्शन गर्नुपर्छ।

**भेदभाव रहित व्यवहार**

सदस्यहरूले अन्य व्यक्तिलाई अप्रिय वा आपत्तिजनक लाग्ने तरिकाले व्यवहार वा भाषा प्रयोग गर्नु हुँदैन। उदाहरणका लागि जातिवादी, लिंगवादी वा समलिंगीप्रति विभेद, हिंसा वा घृणाले युक्त भाषा वा व्यवहार अस्वीकार्य छ।

## ३) आचारसंहिता

क) सदस्यहरूले एम्नेस्टी इन्टरनेसनल नेपालको लक्ष्य, परिदृष्य र मूल मान्यताहरूको पालना गर्नुपर्छ।

ख) सदस्यहरूले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय र एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयले तयार गरेका सामग्रीका आधारमा मात्र काम गर्नेछन्। राम्रोसँग समन्वय नगरीकन र एम्नेस्टी इन्टरनेसनलले गर्ने अनुसन्धानको शुद्धतालाई प्रतिबिम्बित नगरिकन वास्तवमा एम्नेस्टी इन्टरनेसनलले सृजना गर्ने अन्तर्राष्ट्रिय दबाब प्रभावकारी हुन सक्दैन। यसका लागि एम्नेस्टी इन्टरनेसनलका सदस्यहरूले आफ्नो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सचिवालयलाई भरपर्दो सूचना उपलब्ध गराउने र सामान्य रणनीतिहरू तय गर्ने जिम्मेवारी दिएका छन्। अन्तर्राष्ट्रिय सचिवालय र एम्नेस्टी नेपालको सचिवालयबाट प्राप्त हुने सामग्रीको आधारमा मात्रै अभियनासम्बन्धी काम गरेर सदस्यहरूले विश्वव्यापी अभियानको प्रभावकारितामा योगदान गरिरहेको थाह पाउने छन्।

ग) सदस्यहरूले नैतिक, जिम्मेवार र सम्मानजनक रूपमा आचरण गर्नेछन्। एम्नेस्टीका सदस्यहरू मानवअधिकार उल्लङ्घन र/वा दुर्व्यवहार हुने खालका गतिविधिहरूबाट टाढा रहनुपर्छ। उनीहरू गैरकानूनी वा सामाजिक रूपमा अस्वीकार्य गतिविधिहरूबाट पनि टाढा रहनुपर्छ।

घ) सदस्यहरू एम्नेस्टी नेपाल र यसका समूह/सञ्जालहरूद्वारा आयोजित सार्वजनिक कार्यक्रमहरूमा उपस्थित हुने अपेक्षा गरिन्छ।

ङ) **एम्नेस्टी नेपालको प्रतिनिधित्वः** एम्नेस्टी नेपालका समूहहरूमा आबद्ध सदस्यहरूले बाह्य कार्यक्रमहरूमा भाग लिन सक्दछन् तर उनीहरूले एम्नेस्टी नेपाललाई आधिकारिक रूपमा प्रतिनिधित्व गर्न भने सक्ने छैनन्। उनीहरूले एम्नेस्टी नेपालको सचिवालय वा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयद्वारा आधिकारिक रूपमा सार्वजनिक गरिएका दस्तावेजहरूलाई सन्दर्भ सामग्रीका रूपमा लिएर गतिविधिहरू गर्ने बाहेक एम्नेस्टीको सदस्यको हैसियतमा कुनै पनि विचार र टिप्पणीहरू व्यक्त गर्ने कार्यबाट आफूलाई टाढा राख्नुपर्छ। व्यक्तिगत (समर्थक) सदस्यहरूको हकमा, उनीहरूले न त एम्नेस्टी नेपालको प्रतिनिधित्व गर्न सक्छन् न त एम्नेस्टी नेपालको तर्फबाट कुनै सार्वजनिक कार्यक्रम नै आयोजना गर्न सक्छन्।

उसको आफ्नो आस्थाको कारण एम्नेस्टी नेपालको कुनै सदस्य कुनै मुद्दामा एम्नेस्टी नेपालको धारणा वा अडानसँग असहमत हुन सक्ने कुरालाई स्वीकार गरिएको छ। तर उक्त असहमतिलाई एम्नेस्टी नेपालको आधिकारिक धारणा वा अडानलाई उल्लङ्घन गर्ने आधारका रूपमा मान्न सकिँदैन।

च) **अन्य सार्वजनिक गतिविधिमा सहभागिताः** यदि एम्नेस्टी नेपालको कुनै सदस्यलाई एम्नेस्टी नेपालको कार्य क्षेत्रसँग सम्बन्धित कुनै गतिविधि गर्न आमन्त्रित गरिएमा वा कुनै सदस्यले त्यस्तो गतिविधि गर्न चाहेमा वा त्यस्तो गतिविधि अरूसँगको समन्वयमा आयोजना गरिँदै छ वा त्यस्तो कार्यक्रममा एम्नेस्टी नेपाल सम्बन्धित छ भन्ने सम्भावित बुझाइ उत्पन्न हुने अवस्थामा एम्नेस्टी नेपालको सदस्यको हैसियतमा आफूले उक्त काम गरिरहेको छैन भनी स्पष्ट पारी खुलाएको हुनुपर्छ।

छ) सदस्यहरू एम्नेस्टी नेपालको प्रतिष्ठामा नकारात्मक असर पार्ने गतिविधिमा संलग्न हुनु हुँदैन। सदस्यहरूले सधैं अरू सबैको व्यक्तिगत मर्यादाको सम्मान गर्नुपर्छ र अरूको व्यक्तिगत मर्यादा र सम्मानमा बाधा पुग्ने गतिविधिहरूबाट टाढा रहनुपर्छ।

ज) **मिडिया टिप्पणीः** एम्नेस्टी नेपालका सदस्यहरूले एम्नेस्टी नेपालको प्रतिनिधित्व गर्दै कुनै पनि सवालमा आधिकारिक टिप्पणी दिने वा अन्तर्वार्ता दिने कार्य गर्नु हुँदैन।

झ)**गोपनीयताः** सदस्यहरूले एम्नेस्टी नेपालको "आन्तरिक" मानिने कुनै पनि जानकारीलाई खुलासा गर्नु हुँदैन। सबै प्रकाशित/मुद्रित र विद्युतीय दस्तावेजका साथै एम्नेस्टी इन्टरनेसनल भित्रका निकाय वा सदस्यता भित्र आन्तरिक उपभोगका लागि आन्तरिक बैठकहरूमा व्यक्त गरिएका विचारहरूका सवालमा गोपनीयता कायम गर्नु पर्दछ।

♣ समाप्त ♣

यो दस्तावेजले यौन दुर्व्यवहार विरुद्ध एम्नेस्टी इन्टरनेसनलको नीति तय गर्दछ। यस नीति एम्नेस्टी इन्टरनेसनलका सबै सदस्य, स्वयंसेवक, र कर्मचारीको लागि लागू हुनेछ र यसले सबै शाखा, संरचनामा यौन दुर्व्यवहारको उजुरी व्यवस्थापन गर्नका लागि मापदण्डको पहिचान गर्दछ।

यस नीतिले स्थानीय एआई इकाईका लागि यौन दुर्व्यवहारका कानून अन्तर्गत केही कानूनी क्षेत्राधिकारहरूको परिभाषित मापदण्डहरू रहने कुरालाई स्वीकार गरेको छ। त्यसैसगरी धेरै शाखा र संरचनाहरूमा पहिले नै सान्दर्भिक नीतिहरू रहेको कुरालाई पनि मान्यता दिईएको छ। यधि यहाँ रेखांकन गरिएका भन्दा राम्रो मापदण्डहरू रहेमा ती मापदण्डहरू नै अवलम्बन गर्नु पर्छ। यो नीति ती मापदण्डहरूको विरोधाभास गर्न नभई उचित रूपमा पुरक बनाउनका लागि ल्याइएको हो।

यस नीतिमा उजुरीको अनुसन्धान गर्दा ख्याल राख्नुपर्ने प्रक्रिया र लिन सकिने व्यवहारिक कदमहरू समावेश गरिएको छ।

## १) एआईको नीति

मानिसहरू र उनीहरूको मर्यादा र नैतिक र व्यक्तिगत निष्ठाको सम्मान, सबै मानव अधिकारहरूको आधारभूत सिद्धान्त हो।

यौन दुर्व्यवहारले मानिसको सम्मानमा आँच पुर्याउनुका साथै केही परिस्थितिहरूमा व्यक्तिको लिङ्गको आधारमा गरिने विभेदको एक रूप पनि हो।

सबै मानवअधिकारको प्रवर्धन गर्ने आफ्नो कामको सन्दर्भमा शारीरिक र मानसिक अखण्डता, आस्था र अभिव्यक्तिको स्वतन्त्रता, र विभेदबाट स्वतन्त्रताको अधिकार लगायत गम्भीर दुरूपयोगको अन्त्य गर्ने एआईको उद्देश्य रहेको छ।

मानवअधिकार रक्षकहरूको विश्वव्यापी समुदाय रहेको एआईमा सदस्यहरूको लक्ष्य पारस्परिक सम्मान निर्माण र विभेद विरुद्ध लड्ने पर्दछ। यसको उद्देश्य र मुख्य मूल्यमान्यताहरू अनुरुप, एआईले आफ्ना सदस्य, कर्मचारी र स्वयंसेवकहरूको मर्यादा र सम्मानका साथ,विना विभेद व्यवहार गरिने अधिकारको पहिचान गरेको छ।

कुनै पनि प्रकारको यौन दुर्व्यवहार, यी अधिकारहरूको हनन् हो र त्येसैले यो अस्वीकार्य छ।

यौन दुर्व्यवहार विरुद्ध एआईको नीतिको उद्देश्यहरू यी हुन्ः

- एआई भित्र दुर्व्यवहार मुक्त वातावरण सिर्जना गर्नु
- यौन दुर्व्यवहारको शिकार भएका व्यक्तिहरूको लागि सहयोग प्रदान गर्नु, र
- यौन दुर्व्यवहारको आरोपहरूलाई संबोधन गर्न निष्पक्ष र पारदर्शी प्रक्रियाहरूको स्थापनाको लागि सिद्धान्तहरू स्थापित गर्नु।

पारस्परिक सम्मान र समानताको कदर गर्ने र कुनै पनि किसिमको विभेद हतोत्साहित गर्ने जिम्मेवारी एआईको नेतृत्व र व्यवस्थापनको रहन्छ। उनीहरूले उजूरी भएका यौन दुर्व्यवहारका घटनामा तुरून्त कारबाही अगाडी बढाउनु पर्ने हुन्छ।

आफ्नो दैनिक कार्य संचालन गरिरहेका वा संस्थाको गतिविधिहरूमा सामेल भइरहेका हुन्छन् त्यसकारण यो नीति एआईका सबैलाई लागू हुन्छ। यसले बैठक र सम्मेलनहरूमा सहभागी हुँदा वा एआईको कामका लागि यात्रा गर्दाको आचरण पनि समावेश गर्दछ। यसले एआईका सबैजनाको अधिकार र अरू प्रतिको दायित्वसँग पनि सरोकार राख्दछ। यस नीतिले राष्ट्रिय स्तरमा एआईका शाखा र संरचनामा यौन दुर्व्यवहार विरुद्धको नीति निर्माण भएको जानकारी गराउँछ।

## १) यौन दुर्व्यवहार भनेको क हो ?

यौनिक प्रकृतिको कुनै पनि व्यवहार जसले अपमानजनक वा शत्रुतापूर्ण र त्रसित वातावरणको सिर्जना गर्छ त्यसलाई यौन दुर्व्यवहार भनिन्छ।

यौन दुर्व्यवहार विपरित लिङ्ग वा समान लिङ्गका व्यक्ति बीच हुनसक्छ। यो एक चोटी मात्र पनि हुनसक्छ वा बारम्बार दोहोरिने व्यवहार हुनसक्छ। यो एक व्यक्ति वा एक समूह प्रति लक्षित हुनसक्छ। दुर्व्यवहार भौतिक रूपमा अगाडी हुँदा वा फोन, चिठ्ठी, इमेल मार्फत पनि हुनसक्छ। सबैभन्दा गम्भीर रूपमा, अधिकारको दुरूपयोग गरी दुर्व्यवहार पनि हुनसक्छ।[१]

दुर्व्यवहारको प्रकृति फरक हुन सक्ने भएपनि शक्तिको दुरूपयोग र त्रासपूर्ण अवस्थाको सिर्जना सबैमा हुन्छ।[२]

### यौन दुर्व्यवहारका प्रकार

परिस्थिति अनुसार यौन दुर्व्यवहारमा तल उल्लेख गरिएका समेत विभिन्न प्रकारका व्यवहार पर्न सक्छन्:

- जानाजानी र अवांछित शारीरिक वा यौन सम्पर्क वा अनावश्यक रूपमा शारीरिक निकटता
- बारम्बार जिस्काउने, टिप्पणीहरू गर्ने वा अनुचित संकेत गर्ने, जुन सायद आफैमा सामान्य भएपनि दोहोरिदै गएमा आपत्तिजनक हुनसक्छ
- कार्यस्थलमा यौन उन्मुख प्रकृतिको सामग्री प्रदर्शन गर्ने
- अश्लील भाषा वा इशाराको प्रयोग गर्नु, वा अश्लील चुटकिला वा कथाहरू भन्नु
- कसैको व्यतिगत आकृति र शारीरिक बनावटबारे बारम्बार वा अतिरंजित प्रशंसा गर्नु वा टिप्पणी गर्ने
- आफू इच्छुक नभएको कुरा स्पष्ट रूपमा भन्दा पनि सामाजिक गतिविधिहरू वा घुम्नको लागि बारम्बार निम्तो गर्ने

यौन दुर्व्यवहार विशेष गरी तब आपत्तिजनक हुन्छ जब यो प्रत्यक्ष वा निहित धम्कीसँग जोडिन्छ वा संस्थामा पदोन्नति वा विशेष व्यवहारको प्रलोभनसँग जोडिन्छ। यो स्थिति सामान्यतया तब उत्पन्न हुन्छ जब एक व्यक्ति शक्ति वा पदको आधारमा यौन अनुग्रह प्राप्त गर्नको लागि फाइदा लिन्छ, तर यो सहकर्मी वा अन्य कार्य सम्बन्धहरू बीच पनि हुनसक्छ।

[१] यौन दुर्व्यवहारको थप परिभाषाको लागि यौन दुर्व्यवहारमा लागू हुने अन्तरराष्ट्रिय मानव अधिकार मापदण्डहरू परिच्छेद १ हेर्नुहोस्।

[२] "Tell Someone". A Discussion of Sexual Harassment. Harvard Business School, 2003.

कसैको आचरण यौन दुर्व्यवहार हो वा हैन निर्धारण गर्नको लागि उनीहरूको आशय मात्र नभई त्यो व्यवहारप्रति अरूको धारणालाई पनि ध्यान दिन आवश्यक छ। यदि कसैलाई आपत्तिजनक वा अपमानजनक लागेमा, जानीजानी होस् या अन्जानमा गरिएको कार्य यौन दुर्व्यवहार हुनसक्छ।

यौन दुर्व्यव्यहारको परिभाषामा अर्को महत्त्वपूर्ण तत्व भनेको त्यस आचरणले काम गर्ने वातावरणमा कुन हदसम्म हस्तक्षेप गर्दछ भन्ने पनि हो। बारम्बार दोहोरिएमा वा व्याप्त हुन गएमा हल्का आक्रामक टिप्पणी वा व्यवहार पनि दुर्व्यवहारको स्तरसम्म बढ्न सक्छ। एकै समयमा, एक मात्र घटना दुर्व्यवहारको रूपमा मानिन्छ, यदि यो यति गम्भीर छ कि यसले समग्र काम गर्ने वातावरणलाई विषाक्त बनाउँछ।

**आचरण जुन यौन उत्पीडन मानिदैन**

कसैलाईलाई अपमानजनक लाग्न सक्ने थुप्रै खालका अस्पष्ट व्यवहारहरू अरूलाई आपत्तिजनक नलाग्न सक्छ; जस्तै लगाएको पोशाकमा टिप्पणी, शारीरिक बनावटबारे प्रशंसा, अनजानमा अरूलाई चोट पुग्न सक्ने चुटकिला जुन अरूलाई सामान्य लाग्न सक्छ।

एआई जस्तो विविधता भएको संस्थामा व्यक्तिहरूलाई कुन कुरा आपत्तिजनक हो भन्ने फरक-फरक विचार हुनसक्छ। तथापि, एआईको मूल मूल्यहरूले कुनै पनि सांस्कृतिक मूल्य वा अभ्यासलाई सताउने, धम्की दिने, होच्याउने वा अपमानित गर्ने व्यवहारलाई वैधता दिन अनुमति दिदैनन्।[३]

सहकर्मीहरू बीच घनिष्ठ व्यक्तिगत सम्बन्ध आफैंमा दुर्व्यव्यहार मानिदैन। तर अधिकार प्राप्त पदमा रहेका र "तल्लो श्रेणी" मा रहेका बीच यस्तो सम्बन्धले असमान व्यवहार, पक्षपात वा स्वार्थ वा कर्तव्यको द्वन्द्वको भान गराउन सक्छ।

विगत वा वर्तमानको यस्तो सम्बन्धले सम्बन्धित व्यक्तिहरूलाई आफ्नो जिम्मेवारीहरू पूरा गर्ने तरीकालाई असर गर्नु हुँदैन। उनीहरूले काम गर्ने वातावरणलाई बाधा पुर्याउन सक्ने वा अरूको लागि कठिनाई वा असुविधा पैदा गर्ने खालको एक अर्का प्रति व्यववहार नगर्न सावधान हुनुपर्दछ। अर्को व्यक्तिसँगको आफ्नो सम्बन्धले गर्दा स्वार्थको द्वन्द्व उत्पन्न हुनसक्ने भान भएमा उनीहरूले आफ्नो प्रबन्धकबाट सल्लाह लिनुपर्ने हुन्छ र त्यस्तो कुनै द्वन्द्वबाट बच्ने उपाय अपनाउनु पर्ने हुन्छ। यस्तो सम्बन्ध अन्त्य भएमा त्यसमा संलग्न एक जनाले उजुरी दिने अवस्था पनि उत्पन्न हुनसक्छ।[४]

**२) व्यक्ति, नेतृत्व र व्यवस्थापनको जिम्मेवारी**

एआईमा प्रत्येक व्यक्ति (सदस्य, स्वयंसेवक वा पारिश्रमिक पाउने कर्मचारी) संस्थाको मुख्य मूल्यमान्यताहरू अनुसार व्यवहार गर्नुपर्ने हुन्छ। निम्न कुरामा प्रत्येकको एक भूमिका रहेको हुन्छः

[३] एआईको विधानको दफा २ मा "एम्नेस्टी इन्टरनेसनलले अन्तरराष्ट्रिय ऐकेबद्धता, पीडितलाई प्रभवकारी उपचार, विश्वव्यापी कभरेज, मानव अधिकारको सार्वभौमिकता र अविभाज्यता, निष्पक्षता र स्वतन्त्रता, र लोकतन्त्र र आपसी सम्मानका सिद्धान्तहरू बोकेका मानव अधिकार रक्षकहरुको एक विश्वब्यापी समुदाय गठन गर्दछ" भनी उल्लेख गरिएको छ।

[४] कृपया "स्वार्थको द्वन्द्व र कर्तव्यको द्वन्द्व सम्बधी नीति तथा नियमहरू" सम्बन्धी आई ई सी दस्तावेज हेर्नुहोस्; एआई सूचकांक ORG २०/००२/२००४ ।

- एआई धम्की, दुश्मनी, आपत्तिजनक व्यवहार र कुनै पनि किसिमको दुर्व्यवहारबाट मुक्त छ भन्ने सुनिश्चित गर्ने;
- एआई भित्र अरूको अखण्डता र मर्यादालाई हानि पुर्याउँने वा आक्रमण गर्ने खालको व्यवहारलाई नसहने;
- एक उपयुक्त व्यक्तिलाई यौन दुर्व्यवहारको उजुरीको रिपोर्टिंगमा सहयोग गर्ने र यौन दुर्व्यवहार उजुरीमा संलग्न सबैको गोपनीयताको सम्मान गर्ने; र
- यौन दुर्व्यवहारको मामला समाधानको लागि अनुरोध गरिएको बेला जानकारी प्रदान गर्ने।

यौन दुर्व्यवहार र त्रासरहित वातावरण सृजना गर्न र सो वातावरण कायम राख्न नेतृत्व र व्यवस्थापन दुबैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उनीहरू निम्न कुराहरूको लागि जिम्मेवार हुन्छन्:

- त्यस्तो वातावरण सृजना गर्न प्रयास गर्ने जहाँ सदस्यहरू, स्वयंसेवकहरू र कर्मचारीहरू अनुपयुक्त व्यवहारको विरुद्ध आवाज उठाउन विना प्रतिशोधको डर, द्वन्द्वको समाधान र निवारणको लागि उपलब्ध व्यवस्थाहरूको उपयोग गर्नको लागि स्वतन्त्र महसुस गर्छन्;
- आचरणको उच्चतम मापदण्डको स्थापना गरी उदहारण बनाउने;
- यो नीति र यसको प्रक्रियाहरूलाई एआईका सबै सदस्यहरूसम्म पुर्याउने;
- यौन दुर्व्यवहारको कुनै पनि घटनाको तत्काल संबोधन सुनिश्चित गर्न;
- गोप्य रूपमा समस्या उठाउन चाहनेहरूको लागि आफू उपलब्ध हुने र समयमै, निष्पक्ष र संवेदनशील ढंगमा त्यस्ता समस्याको समाधानको लागि कदम चाल्ने;
- यौन र अन्य प्रकारका दुर्व्यवहारको लागि "शून्य सहनशीलता" कायम राख्दै मर्यादित र पारस्परिक सम्मानको एक सकारात्मक काम गर्ने वातावरणलाई सक्रिय रूपमा प्रोत्साहन गर्ने।

### ३) रोकथामका उपायहरू

यौन दुर्व्यवहार वा यौन दुर्व्यवहारको उजुरीबाट उत्पन्न मुद्दालाई रोक्न सबैभन्दा प्रभावकारी सदस्य, स्वयंसेवक र कर्मचारीहरूलाई यस नीतिबारे सचेत गराउनु र उजुरी गर्नेहरूको लागि प्रभावकारी प्रक्रिया प्रदान गर्नुहो।

एआईका सम्पूर्ण शाखा र संरचनाहरूका सदस्य, स्वयंसेवक र कर्मचारीहरूलाई यस नीतिकोबारे जानकारी दिईनुपर्छ र नयाँ कर्मचारीहरूको लागि इन्दक्सन प्रक्रियामा यो समावेश गर्ने। नयाँ सदस्यहरू, स्वयंसेवकहरू र कर्मचारीहरू यस नीति स्वीकार्य छ की छैन भन्ने प्रश्न गरिनु पर्दछ। नेतृत्व र ब्यवस्थापनले यस नीति राम्रोसँग बुझी यसलाई कायम राख्ने जिम्मेवारी बहन गर्नुपर्दछ।

### ४) कार्यान्वयन र प्रभावकारिताको अनुगमन

एआईका शाखा र संरचनाहरूलाई अनुगमन समूहको गठन गर्न वा स्पष्ट रूपमा विद्यमान निकायलाई यस नीतिको पालन सुनिश्चित गर्ने र यस नीतिको बुझाई र स्वीकृति तथा यसका प्रावधानको अनुपालन सम्बन्धी प्रक्रिया र सुझावहरू प्रदान गर्ने जिम्मेवारी तोक्न सिफारिस गरिएको छ।

## यौन दुर्व्यवहारको आरोप सामना गर्ने प्रक्रियाहरू

यस भागमा उल्लेख गरिएका सिद्धान्तहरूले एआईका शाखा र संरचनाहरू र अन्तर्राष्ट्रिय स्तरमा यौन दुर्व्यवहारको उजुरीहरूलाई संबोधन गर्नको लागि प्रक्रियाहरूमा पालन गर्नुपर्ने न्यूनतम मापदण्डहरू स्थापित गरिएको छ।

### १) न्यूनतम मापदण्डहरू

एआईका सदस्यहरू, स्वयंसेवकहरू वा कर्मचारीहरू संलग्न यौन दुर्व्यवहारको कुनै पनि आरोपलाई तुरुन्तै संबोधन गरिनु पर्छ। यसको अतिरिक्त एक उजुरीकर्ताले कानूनी तवरबाट समस्याको समाधान गर्नको लागि मुद्दा दायर पनि गर्न सक्छन्।

एआईका यस्ता आरोपहरूको सामना गर्न प्रक्रिया र अभ्यासहरू निष्पक्ष, पारदर्शी र एआईको मूल्य, मान्यताहरू अनुरुप भएसम्म स्थानीय कानूनहरूको मातहतमा हुनुपर्छ।

### २) निष्पक्ष प्रक्रिया

कुनै पनि प्रकारको यौन दुर्व्यवहारको आरोपहरूलाई तुरुन्त र निष्पक्ष रूपमा समाधान गरिनु पर्छ। उजुरीमा संलग्न सबै मानिसहरूलाई निष्पक्ष रूपमा व्यवहार गरिनुपर्छ। दुबै पक्ष (उजुरीकर्ता र आरोपित) लाई कुनै पनि अनुसन्धानको स्थितिकोबारे सूचित गरिनुपर्छ। उजुरी दिने व्यक्ति वा अनुसन्धानमा सहयोग गर्ने जो कोही विरुद्ध प्रतिशोध वा प्रतिकार सह्य हुने छैन। उजुरीकर्ता वा कथित पीडकलाई प्रभाव पार्ने प्रयास अस्वीकार्य रहनेछ।

### ३) गोपनीयता

स्थानीय तथा विश्वव्यापी स्तरमा एआईको प्रतिष्ठामा आंच आउँन नदिन र मुद्दा बन्द भैइसकेपछी मानहानीको दाबी हुन नदिन सबै उजुरीहरूको सम्पूर्ण प्रक्रिया गोप्य राखिनुपर्छ र सबै संलग्न पक्षहरूको अधिकारको रक्षा गरिनुपर्छ। यौन दुर्व्यवहारको उजुरीबारे जानकार र सोको समाधानमा संलग्न सबैजनाले संवेदनशीलताको आवश्यकतालाई सम्मान गर्दै पूर्ण गोपनीयता कायम गर्नुपर्ने हुन्छ। उजुरीकर्ता, आरोपित र एआईद्वारा सम्पूर्ण उजुरी प्रक्रियामा पूर्ण गोपनीयता कायम गर्नु पर्दछ। उजुरीको क्रममा प्रदान गरीएको सबै जानकारी गोप्य राखिनु पर्छ, र जब सम्म उजुरीकर्ता, आरोपित र एआई सहमत हुदैनन्, तबसम्म ती जानकारीहरू सार्वजनिक गरिनु हुँदैन।

### ४) निष्पक्षता

सबै यौन दुर्व्यवहारका उजुरीहरूलाई राम्ररी र निष्पक्ष छानबिन गरिनेछ। कुनैपनि अन्वेषक वा अन्वेषकहरूको टोली उजुरीकर्ता वा आरोपितसँग कुनै सम्बन्ध नभएको मानिसहरू हुनुपर्छ। अन्वेषकहरूले उजुरीकर्ता, आरोपित र कुनै पनि साक्षीको अन्तर्वार्ता लिनुपर्छ। अन्वेषकहरूले पूर्ण गोपनीयता कायम राख्न र निष्पक्ष रूपमा कार्य गर्न कुरा लिखित रूपमा लिनुपर्छ।

### ५) शीघ्रता र समयबद्धता

उजुरीको छिटो समाधान गर्नको लागि उपयुक्त समयअवधि तोकिनुपर्छ। उजुरीकर्ताहरूलाई घटना पछि सकेसम्म चाँडो उजुरी दर्ता गर्न प्रोत्साहित गरिनुपर्छ। उजुरी दायर गर्ने क्रममा कुनैपनि बाधा नआउन सुनिश्चित गर्नु महत्त्वपूर्ण रहनेछ। एआईलाई उजुरी गरेपछि, यसको सुनुवाई समयमै गरिनुपर्छ र सबै संलग्नहरूको व्यक्तिगत सुरक्षा सुनिश्चित गर्नको लागि तत्काल कदम चाल्नुपर्छ।

### ६) उजुरीकर्ताहरूको अधिकार

यौन दुर्व्यवहारको बारेमा उजुरी दायर गर्ने जो कोहीलाई उचित व्यवहार गर्नु पर्छ र उनीहरूको गुनासो तुरुन्तै र जोखिम वा प्रतिकारको डर विना संबोधन गर्नुपर्छ। उजुरीकर्ताः

- लाई सान्दर्भिक बाह्य सहायता सेवाहरूबाट उपयुक्त गोपनीयता सहित सल्लाहमा पहुँच प्रदान गरिनु पर्छ;
- को सबै प्रक्रियामा आफ्नो रोजाईको व्यक्तिको साथ हुने अधिकार हुन्छ;

- को पालन गरिने प्रक्रियाहरू, मुद्दाको प्रगति, र ती प्रक्रियाहरूबाट उत्पन्न हुनसक्ने अवस्थाबारे जानकारी पाउने हक हुन्छ;
- को उजुरीबारे के के रेकर्ड राखिनेछ जान्ने हक रहनेछ वा सान्दर्भिक भएसम्म उजुरी साँचो भएको पाईएमा उसको व्यक्तिगत फाईलमा त्यस उजुरीको केही रेकर्ड नरहने कुरा सुनिश्चित गर्ने अधिकार हुन्छ।

## ७) आरोपितको अधिकार

आरोपितलाई निष्पक्षतासाथ व्यवहार गरिने र उसको विरुद्ध रहेको उजुरी र उजुरी दर्ता गर्ने व्यक्तिको पहिचानको बारेमा जानकारी पाउने अधिकार छ। आरोपितः

- ले आफू विरुद्ध के आरोप लगाइएको छ भन्ने बारे विस्तृत जानकारी पाउनु पर्छ र उपयुक्त भएसम्म आरोपको एक लिखित बयान पनि पाउनुपर्छ, त्यस्तै आरोपमा प्रतिक्रिया दिने मौका रहेको कुरा बारे पनि जानकारी हुनुपर्छ;
- लाई प्रक्रियाको दौरान, उनीहरूको रोजाई एक व्यक्तिसँग साथ हुने अधिकार रहन्छ;
- को पालन गरिने प्रक्रियाहरू, मुद्दाको प्रगति, र र ती प्रक्रियाहरूबाट उत्पन्न हुन सक्ने अवस्था बारे जानकारी पाउने हक हुन्छ;
- उजुरीबारे के के रेकर्ड राखिनेछ जान्ने हक रहनेछ वा सान्दर्भिक भएसम्म उजुरी प्रमाणित नभएमा उसको व्यक्तिगत फाईलमा त्यस उजुरीको केही रेकर्ड नरहने कुरा सुनिश्चित गर्ने अधिकार हुन्छ।

## ८) उजुरीलिने व्यक्ति, अनुसन्धानकर्ता र साक्षीहरूको कर्तव्य

उजुरी प्राप्त गर्ने जिम्मेवारी भएका व्यक्तिहरूको पहिचान गरी सदस्यहरू, कर्मचारीहरू र स्वयंसेवकहरूलाई जानकारी गराउनु पर्दछ। उदाहरणको लागि एक आवासीय बैठकमा, जिम्मेवारी प्राप्त उजुरी लिने व्यक्तिहरूका बारेमा शुरूमा घोषणा गर्नुपर्छ र उनीहरूलाई सम्पर्क गर्नको लागि तरिकाहरू भन्नु पर्छ। उजुरीका अन्वेषकहरूलाई उनीहरूको कर्तव्य पूरा गर्न तालिम प्राप्त हुनुपर्दछ र उनीहरूको कर्तव्य पूरा गर्नको लागि मार्गदर्शन दिनु पर्दछ, जो निम्नानुसार छन्ः

- उजुरीकर्ता, आरोपित र कुनै साक्षीहरूको अन्तरवार्ता लिने
- आरोपितको भिन्नै र निष्पक्ष रूपमा अन्तरवार्ता लिने। उनीहरूले आरोपितलाई के आरोप लगाएको छ, र उनीहरू एक पूर्ण अनुसन्धान गर्न चाहन्छन् भन्ने कुरा पुष्टि गर्नुपर्छ
- आरोपितलाई आरोपहरूको पूर्ण जवाफ दिने मौका दिनुहोस्, र उनीहरूलाई सान्दर्भिक सेवासुविधाहरूबाट उपलब्ध गोप्य सल्लाहबारे जनाकारी दिने
- उपयुक्त भए साक्षीहरूको पहिचान गर्ने र गोपनीयता कायम गर्नका लागि प्रक्रियामा उनीहरूको संलग्नता न्यून राख्ने कुराको सुनिश्चित गर्ने। साक्षीहरू समस्याको तथ्य प्रमाणित गर्नको लागि मात्र आवश्यक हुन्छन्

अन्वेषकले प्रतिवेदन तयार गरी उजुरीको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको व्यक्तिलाई बुझाउनु पर्दछ। प्रतिवेदनमा क-कसको अन्तरवार्ता लिईएको थियो र अरू कसको उपस्थिति रहेको थियो भन्ने कुरा उल्लेख गर्नुपर्नेछ, साथै उनीहरूलाई के प्रश्न सोधिएको थियो, आरोपितको बारेमा अन्वेषक के निष्कर्षमा पुग्यो, र यस मामलामा के कारबाही उपयुक्त हुन सक्छ भन्ने उल्लेख गरिनुपर्नेछ। दुबै पक्षलाई अनुसन्धान प्रतिवेदनलाई

अन्तिम रूप दिनु भन्दा पहिले टिप्पणी प्रदान गर्ने मौका दिनु पर्दछ, र उनीहरूको टिप्पणी प्रतिवेदनसँगै समावेश गरिनु पर्दछ।

### ९) अनुशासनात्मक र सुधारात्मक कारबाही

एआईका सदस्य, स्वयंसेवक वा कर्मचारी जो यौन दुर्व्यवहारको लागि दोषी पाईन्छन्, उनीहरूले अनुशासनात्मक कारबाही भोग्नुपर्ने हुन्छ र स्वयंसेवक र सदस्यहरूको हकमा एआईका गतिविधिहरूमा सहभागी हुन नपाउने वा रोजगार र/वा एआई सदस्यताको अन्त्य हुनेछ। अनुशासनात्मक कारबाहीको प्रकृति, परिस्थिति र निष्कर्षको आधारमा हुनेछ। उदाहरणका लागि, पीडकलाई यौन दुर्व्यवहार विरुद्धको प्रशिक्षणमा भाग लिन आवश्यक हुनसक्छ।

### १०) उजुरीकर्ताको लागि उपचार

उजुरी प्रमाणित भएमा उजुरीकर्ताले मौखिक र लिखित माफी पाउनु पर्छ। घटना/घटनाहरूले पारेको असरका सम्बन्धमा सहयोगमा विचार गर्नुपर्छ, उदाहरणको लागि, चिकित्सा वा परामर्श शुल्कको भुक्तानी। सो घटना भएको वा घटना घट्न सक्ने वातावरणबाट बाहिर स्थानान्तरण गर्ने। उजुरीको अनुसन्धानको बखत संवेदना बिदा प्रदान गर्न सकिन्छ।

### ११) आरोपितको लागि उपचार

छानबिन पछी उजुरी प्रमाणित नभएमा, आरोपितको पहिचान हुने कुनै पनि रेकर्ड वा दस्तावेज राखिनु हुँदैन।

### १२) झूटा र निराधार आरोप

यौन दुर्व्यवहारको आरोपले गम्भीर परिणाम ल्याउन सक्छ। झुटो हो भन्ने थाहा पाएर पनि त्यस्तो आरोप लगाउनु अस्वीकार्य छ र झुटो र निराधार आरोप लगाएमा अनुशासनात्मक कारबाही हुन सक्छ।

## व्यावहारिक रूपमा चालिनु पर्ने कदमहरू

शाखा तथा संरचनाहरूले अन्तर्राष्ट्रिय बैठकहरूका सन्दर्भमा स्थानीय विधि, कानून र कर्मचारी नियम अनुसार एक पछि अर्को गर्दै स्थापित गर्नुपर्ने प्रक्रियाहरूका लागि यस खण्डले थप मार्गदर्शन प्रदान गर्दछ।

### १) नीतिलाई प्रवर्धन गर्ने र उजुरी लिनका लागि एक व्यक्तिलाई मनोनयन गर्ने

कार्यस्थल, बैठक, आवासीय कार्यक्रम आदि कुनै पनि परिस्थितिमा यौन दुर्व्यवहार हुने सम्भावना छ। सदस्य, कर्मचारी र स्वयंसेवक/सहभागी सबैलाई एआईको नीति बारेमा सुसूचित गराउन आवश्यक छ।

सबै परिस्थितिमा, एम्नेस्टीले उजुरी लिनका लागि एक उपयुक्त व्यक्तिलाई (यदि घटना बैठकका क्रममा भएको भए) चयन गर्नेछ वा यस्ता उजुरीको दायित्व लिने जिम्मा प्रबन्धक/व्यवस्थापक/पर्यवेक्षक वा नेतृत्व वा व्यवस्थापनद्वारा तोकिएको व्यक्तिको हुनेछ भनेर सबैलाई थाहा दिइनेछ।

### २) गुनासोलाई उजुरी गर्ने प्रक्रिया

सदस्य, स्वयंसेवक र कर्मचारीले यौन दुर्व्यवहारको उजुरी मनोनित व्यक्ति (यदि बैठकको क्रममा घटेको हो भने) वा उनीहरूको तत्कालीन प्रबन्धक/व्यवस्थापक/पर्यवेक्षक वा उनीहरूलाई विश्वास गर्ने कुनै अन्य प्रबन्धक/व्यवस्थापक वा नेतृत्व वा व्यवस्थापनद्वारा तोकिएको व्यक्ति समक्ष उजुरी ल्याउन सक्छन् जसलाई अन्वेषक वा कानूनी प्रतिनिधिको रूपमा मनोनित गर्न सकिन्छ।

उजुरीकर्तालाई घटनाहरूको सबै विस्तृत -उनीहरूको प्रतिक्रिया र चिन्ता, मिति, स्थान, साक्षी लगायतका बारेमा अभिलेख - गर्न भन्नुपर्छ। यो औपचारिक अनुसन्धानको क्रममा महत्त्वपूर्ण हुनेछ।

### ३) उजुरी प्राप्त गर्दा

उजुरी प्राप्त गर्न मनोनित गरिएको व्यक्तिले उजुरीकर्तासँग छलफल गरी उजुरी पछि हुने विकल्पहरूका बारेमा छलफल गर्नेछ।उजुरीकर्ताले परामर्श पछि कुनै थप प्रक्रिया नगर्ने निर्णय लिन सक्दछ। यद्यपि, यदि त्यहाँ हिंसा वा स्वास्थ्यको जोखिम छ भने उजुरी प्राप्त गर्ने व्यक्तिले सकेसम्म चाँडो कारबाही शुरू गर्नुपर्दछ।

### ४) कथित उत्पीडनकर्तालाई सूचित गर्ने

उजुरी प्राप्त गर्न मनोनित व्यक्ति वा अन्य उपयुक्त अधिकारीले आरोपितलाई औपचारिक रूपमा उजुरी र उजुरीकर्ताले कुन प्रक्रिया अपनाउने निर्णय गरेको छ भन्नेबारे सुसूचित गर्नेछ।

### ५) अनौपचारिक प्रक्रियाहरू

अनौपचारिक प्रक्रियाबाट मामिला समाधान गर्न सकिन्छ र उजुरीको गहिराईको आधारमा उपयुक्त हुनसक्छ। यस्ता प्रक्रियाको उद्देश्य अन्तर्निहित मुद्दाहरूको पहिचान र अपमानजनक व्यवहारको घटनालाई सकेसम्म चाँडो अन्त्य लागि हुनुपर्छ। अनौपचारिक प्रक्रियाहरू उपयुक्त र समानुपातिक भए, उजुरीकर्तालाई प्रस्तावहरू दिनुपर्छ जसको छनौटले कार्यहरूको निर्धारण हुन्छ। उजुरीकर्ताले लिन सक्ने अनौपचारिक प्रक्रियाहरू निम्न छन् :

- उजुरीकर्ताले आरोपित व्यक्तिसँग एक्लै वा कसैको साथमा गएर प्रत्यक्ष भेटेर वा लिखित रूपमा त्यस्तो व्यवहार रोक्नका लागि भन्न सक्छन्। कुनै पनि पत्रको प्रतिलिपि राख्नु पर्छ। सम्पर्क गरिएको व्यक्तिलाई थाहा नहुन सक्छ कि उनीहरूको व्यवहार अनुपयुक्त वा आपत्तिजनक छ, वा उनीहरूका शब्दहरू वा कार्यहरूको गलत अर्थ लगाईएको हुनसक्छ भनेर। कुनै पनि अवस्थामा, कुनै पनि भ्रमलाई स्पष्ट गर्न आवश्यक छ। जानीबुझी गरेको छ भने पनि यो आपत्तिजनक छ भनेर छिटो र स्पष्ट संकेत दिएमा यस्तो व्यवहार रोक्न पर्याप्त साबित हुन सक्छ।
- एआईको उपयुक्त अधिकारीले, उजुरीकर्ताको प्रवक्ताको रूपमा आरोपितसँग प्रत्यक्ष पुग्न सक्छन् ।
- उजुरीकर्ता र आरोपित मध्यस्थताको लागि सहमत हुन सक्छन्, यस्तो अवस्थामा एक मध्यस्थकर्ता, जो दुबै पक्षहरूको लागि पारस्परिक रूपमा स्वीकार्य हो, नियुक्त गरिनेछ। यदि मध्यस्थताबाट कुनै सहमति आएन भने औपचारिक प्रक्रिया शुरू गर्न सकिन्छ।

### ६) औपचारिक प्रक्रियाहरू

यदि अनौपचारिक प्रक्रिया असफल वा मुद्दाको समाधानको लागि अनुपयुक्त छ, वा यदि उजुरीकर्ता अगाडि देखि नै औपचारिक प्रक्रियामा जान चाहन्छ भने, औपचारिक प्रक्रिया अपनाउन सकिन्छ।

- लिखित रूपमा उजुरी प्राप्त भएमा र उजुरी प्राप्त गर्न मनोनित व्यक्तिद्वारा स्वीकार गरेमा मात्र औपचारिक प्रक्रियाका लागि आहवान गर्न सकिन्छ।
- लिखित उजुरीमा सम्भव भएसम्म ती व्यवहार वा कार्य(हरू) दुर्व्यवहार भित्र पर्दछन् र त्यस्तो भएको समय, स्थान र परिस्थिति उल्लेख गर्नुपर्छ। उजुरीसँग सम्बन्धित कुनै अन्य जानकारी वा प्रमाणहरू यसमा हुनुपर्दछ। उजुरीमा आरोपित व्यक्ति, कुनै साक्षी वा कथित दुर्व्यवहारको बारेमा सुसूचित गराईएको व्यक्तिको पहिचान हुनुपर्छ।

- एकपटक औपचारिक उजुरी दर्ता भएपछि, प्रारम्भिक छानबिन गर्न र थप अनुसन्धानका लागि आधार स्थापित गर्नका लागि अन्वेषकलाई (एक व्यक्ति वा दुई वा तीन जनाको टोली) नियुक्त गर्नुपर्दछ। अनुसन्धानमा विस्तृत र यथार्थ दस्तावेजीकरण आवश्यक छ र यसका लागि अन्वेषक उजुरीकर्ता वा आरोपितसँग कुनै हिसावले सम्बन्धित हुनु हुँदैन भन्ने कुरा महत्त्वपूर्ण छ।
- उजुरीकर्ता र आरोपितलाई छुट्टाछुट्टै अन्तर्वार्ता लिनुपर्छ र उनीहरूलाई आफ्नो साक्षीहरू मनोनयन गर्न अधिकार छ।
- आरोपितलाई उजुरीको पूर्ण विवरण र आरोप प्रति लिखित जवाफ दिने अवसर दिनुपर्दछ।
- प्रक्रियाको दौरान, दुबै पक्षहरूलाई औपचारिक प्रक्रियाको प्रत्येक चरणमा आफूले रोजेको सहकर्मीको साथ पाउने अधिकार छ। अनुसन्धानको बखत, उजुरीकर्ता र आरोपित एक अर्कासँग नजिक हुन हुँदैन।
- छानबिनको निष्कर्ष र सिफारिसहरू, अधिकारी (जस्तै यस कार्यको लागि मनोनित बोर्ड सदस्य, सम्बन्धित प्रबन्धक/व्यवस्थापक/पर्यवेक्षक, बैठकको संयोजक) जसलाई निष्कर्षका आधारमा कारबाही गर्ने अधिकार प्राप्त छ र औपचारिक निष्कर्ष र कारबाहीको निर्णयको आधार हो ऊ समक्ष पेश गर्नुपर्दछ।
- निष्कर्ष र कारबाही गर्ने निर्णयका बारेमा प्रबन्धकले उजुरीकर्ता र आरोपितलाई प्रत्यक्ष तर छुट्टाछुट्टै भेटी औपचारिक जानकारी गराउनु पर्दछ। निष्कर्ष र चालिने कारबाहीको निर्णयको लिखित प्रतिलिपि दुबैलाई दिइनेछ।

७) **पुनरावेदन**

- दुबै पक्षले बोर्ड वा व्यवस्थापन वा बैठकको संयोजकबाट लिईने निष्कर्ष र निर्णयको विरुद्ध पुनरावेदन गर्न सक्नेछन्। संस्थाको व्यक्ति जो पूर्व प्रक्रियामा संलग्न व्यक्ति भन्दा वरिष्ठ छन् र पहिले उजुरीमा सामेल भएका छैनन् उसले पुनरावेदन सुन्नु पर्छ।

## परिच्छेद १ः यौन दुर्व्यवहार र मानवअधिकारका मापदण्डहरू

यौन दुर्व्यवहारलाई रोक्नको लागि धेरै मौलिक अधिकार र अन्तर्राष्ट्रिय कानून सिद्धान्तहरू लागू गरिएका छन् जस्तै यौन विभेद विरुद्धको अधिकार, मर्यादित कार्यस्थलको अधिकार र स्वस्थ र सुरक्षित कार्यस्थलको अधिकार।

*मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ३ मा सम्मानको अधिकार राखिएको छः "सबैको जीवन, स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार छ "। "व्यक्तिको स्वतन्त्रता र सुरक्षा" सँग सम्बन्धित अधिकार* ***नागरिक र राजनीतिकअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय*** *महासन्धि(आईसीसीपीआर) को धारा (९) (१) मा छः "सबैलाई स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी गिरफ्तारी वा थुनामा राखिने छैन। कानूनद्वारा स्थापित त्यस्ता प्रक्रियाका आधारहरू बाहेक कोही पनि आफ्नो स्वतन्त्रताबाट वञ्चित हुने छैनन्।*

"क्रूर, अमानवीय र अपमानजनक व्यवहार" बाट स्वतन्त्र जीवनको अधिकारको विषय आईसीसीपीआरको धारा ७ लगायत अन्तर्राष्ट्रिय मापदण्डहरूमा राखिएको छ, जसमा "*कसैलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको शिकार हुने छैन भनिएको छ। विशेष गरी स्वतन्त्र सहमति विना कोही पनि चिकित्सा वा वैज्ञानिक प्रयोगको लागि बाध्य पारिने छैन "*।

संयुक्तराष्ट्र सङ्घको महिला माथि हुने हिंसासम्बन्धी विशेष समाधिक्षकले कार्यस्थलमा हुने यौन दुर्व्यवहारलाई संसारमा महिलाहरू विरुद्ध हुने हिंसाको एक प्रमुख रूपको मान्यता दिएको छ[५]।

महिला माथि हुने सबै प्रकारका विभेदका स्वरूपका अन्त्यसम्बन्धी महासन्धि (सिड)को सामान्य सिफारिस १९ ले यौन दुर्व्यवहारलाई यसरी परिभाषित गरेको छ :

*"....शारीरिक सम्पर्क वा प्रयास, यौनउत्तेजित टिप्पणीहरु, कामुकचित्रहरू देखाउने वा शब्दमा वा कार्यहरूद्वरा यौनका लागि माग गर्ने, जस्ता अस्वागतीय यौन व्यवहार पर्छ, यस्तो आचरण अपमानजनक हुन सक्छ र स्वास्थ्य र सुरक्षामा समस्या आउन सक्छ; महिलालाई उनको आपत्तिले उनको भर्ना वा पदोन्नति सहित रोजगारीमा क्षति पुऱ्याउँछ वा यसले कार्यस्थलमा प्रतिकूल वातावरण सिर्जना गर्दछ भन्ने विश्वासका उचित आधारहरू तय भए भने यो विभेदकारी हुन्छ"* (आइटम १८)

सिफारिसमा यो पनि भनिएको छ कि "रोजगारीको स्तर(गुण)मा गम्भीर आँच आउन सक्छ जब महिलाहरू विशेष लैंगिक हिंसाको शिकार हुन्छन् जस्तै कार्यस्थलमा हुने यौन दुर्व्यवहार।यौन दुर्व्यवहारले "स्वास्थ्य र सुरक्षामा समस्या" ल्याउन पनि सक्छ भनेर यसमा मान्यता दिइएको छ।

सन् १९९३ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले महिला विरुद्धको हिंसा उन्मूलन (DEVAW, डिभ) लाई अनुमोदन गरेको थियो। यो ऐतिहासिक दस्तावेज संयुक्तराष्ट्र सङ्घको महिलाको अवस्थासम्बन्धी आयोग र संयुक्तराष्ट्र सङ्घको आर्थिक र सामाजिक परिषदको महिला विरुद्ध हुने हिंसा संबोधन गर्न लागि गरिएका प्रयासको प्रतिफल थियो। डिभ एक साधारण सभा घोषणा भएकाले सन्धि वा प्रतिज्ञापत्र जस्तो बाध्यकारी कानूनी अधिकार छैन, यो महिला विरुद्धको हिंसामा अन्तर्राष्ट्रिय समुदायद्वारा गरिएको सैधान्तिक समर्थनको एक अभिव्यक्ति हो र महिला हिंसा उन्मूलनको लागि बेजिंग घोषणापत्र र कार्यको लागि मंच सहित अन्तर्राष्ट्रिय प्रतिबद्धताको आधार बनेको छ। डिभले महिलाहरू विरुद्ध हिंसाको परिभाषामा "कार्यस्थल, शैक्षिक संस्थाहरू वा अन्यत्र हुने यौन दुर्व्यवहार र धम्की" सामेल गरेको छ र राज्यहरूले यसको उन्मूलनको लागी प्रयासहरू लिने प्रतिबद्धता गरेका छन्।

अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ) ले यौन दुर्व्यवहारलाई निषेधित यौन विभेद अन्तर्गत विभेद (रोजगार र पेशा) सन्धि (नं सि १११) रूपमा संबोधन गरेको छ। आई.एल.ओले यौन दुर्व्यवहार स्वास्थ्य र सुरक्षाको समस्या र अस्वीकार्य काम गर्ने अवस्था भनी स्पष्ट गरेको छ, र यो एक रूपको हिंसा हो जसले लैगिंकताको कारणले मुख्य रूपमा महिलाहरूलाई प्रभावित गर्दछ भनी डिभको दाबीलाई समर्थन गरेको छ।

क्षेत्रीय स्तरमा दुबै युरोपियन युनियन (ईयू) र काउन्सिल अफ युरोप (सिओई) ले यौन दुर्व्यवहारलाई गैरकानूनी/व्यवहारको रूपमा संबोधन गर्दछन्। युरोपेली संघको संसद र परिषदले यौन र यौन उत्पीडन सम्बन्धी दुर्व्यवहारनिम्नानुसार परिभाषित गर्दछन्:

*यौनसम्बन्धी दुर्व्यवहारमा "व्यक्तिको यौनसँग सम्बन्धित आचरण [जुन] जसको उद्देश्य वा प्रभावले व्यक्तिको मर्यादा मा आँच आउंछ र भयभीत, प्रतिकूल, अपमानजनक वा आक्रामक वातावरण सिर्जना गर्छ'।*

[५] महिला विरुद्ध हुने हिंसा, यसका कारणहरू र असरहरूको विशेष समाधिक्षकको प्रतिवेदन, राधिका कुमारास्वामी, संयुक्त राष्ट्र सङ्घको मानवअधिकारको ५३ औ बैठक, इसिन.४ /१९९७/४७,२ फेब्रुअरी १९९७

*यौन दुर्व्यवहार "कुनै पनि रूपको अवांछित मौखिक, गैर-मौखिक, वा शारीरिक आचरण हो [जुन] जसको उद्देश्य व्यक्तिको मर्यादामा असर गर्ने विशेष गरी भयभीत, प्रतिकूल, अपमानजनक वा आक्रामक वातावरण सिर्जना गर्छ" ।*

*निर्देशन (यस)को अर्थ भित्र दुर्व्यवहार [यौनमा आधारित] र यौन दुर्व्यवहार [को] लिंगको आधारमा गरिने विभेदको रूपमा मानिन्छ र यसैले निषेधित छ। यस्ता व्यवहारलाई व्यक्तिको स्वीकारोक्ति वा अस्वीकारलाई प्रभावित गर्ने निर्णयको लएक आधारको रूपमा प्रयोग गर्न सकिदैन[६] ।*

यौन दुर्व्यवहारलाई एक अपराधको रूपमा स्वीकार गरिएको सफलताका बावजूद पनि निषेधित व्यवहार भित्र के पर्छ भनी कुनै एक परिभाषा छैन र सबै सन्दर्भमा लागू हुने एक सर्वसहमत परिभाषाको खोज धेरै चुनौतीपूर्ण बन्दछ। धेरै जसो निषेधित व्यवहार सन्दर्भ विशेष हुने गर्दछ किनकि यसमा यस्ता व्यवहार समावेश हुन्छ जुन् आजको सामाजिक सन्दर्भमा "सामान्य" वा "स्वीकार्य" को रूपमा लिन सकिन्छ, साथ साथै ती धेरै कानूनी मान्यता प्राप्त यौन अपराधहरूको परिभाषामा आउँछ। महिला विरुद्ध हिंसाको विशेष समाधिक्षक यौन दुर्व्यवहारको सन्दर्भमा निषेधित व्यवहारमा जोड दिन्छन्:

- प्रापकद्वारा नचाहेको आचरण अन्य शब्दहरूमा अस्वगतीय र अपरस्परत
- प्रापकको दृष्टिकोणबाट आचरण भयभीत वा धम्कीपूर्ण

यौन दुर्व्यवहार धेरै देशहरूमा एक अघोषित अपराधको रूपमा रहेको छ यद्यपि हालैको प्रवृतिहरूमा सरकारहरूको तर्फबाट यसलाई अपराधिक बनाउनको लागि ठूलो इच्छाका संकेतहरू आएका छन्। यौन दुर्व्यवहार रोक्ने सरकारी रणनीतिहरू भित्र विशेष गरी शैक्षिक संस्था र कार्यस्थलमा हुने यौन दुर्व्यवहारलाई संवैधानिक र लैंगिक समानताको प्रावधानहरूको उल्लङ्घनको मानिन्छ।

आई.एल.ओको सन्धि र संकल्पको कार्यान्वयन सम्बन्धी विशेषज्ञ समितिहरूले राज्यहरूलाई यौन दुर्व्यवहारलाई संबोधन गर्न उपायहरू अपनाउन र त्यसो गर्दा समितिलाई बुझाउने प्रतिवेदमा निम्न जानकारी समावेश गर्न सिफारिस गर्दछन्।

- यौन दुर्व्यवहारलाई कसरी निषेध गरिएको छ;
- प्रयोग गरिएको यौन दुर्व्यवहारको परिभाषा;
- सुरक्षित गरिएकाहरूको दायरा;
- सुरक्षाको दायरा;
- कानूनी प्रावधानका दायित्वको दायरा;
- भएका प्रशासनिक संयन्त्रहरू;
- कार्यान्वयन गर्ने संयन्त्र र प्रक्रियाहरू;
- अदालती फैसलाहरू;
- शैक्षिक र चेतना बढाउने उपायहरू र
- नीति र सामूहिक सहमतिको माध्यमबाट यौन दुर्व्यवहारलाई संबोधन गर्नका लागि रोजगारदाता र श्रमिकसंगठनहरूसँग सहकार्य।

[६] २००२/७३/इसीको युरोपियन संसद र परिषद्को २३ सेप्टेम्बर २०२१को निर्देशन

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टीमार्ग, वसन्तनगर
पो.ब.नं. १३५, बालाजु, काठमाडौं।
मोबाइल नं. ९८५१३३६९९६
फोन नं. ०१-४९६५४३१, ०१-४९६४७०६
इमेल info@amnestynepal.org
वेवसाइट www.amnestynepal.org